किसान अधिकारप्रति समर्पित

# वार्षिक सँगालो

(२०८०/८१)



## राष्ट्रिय कृषक समूह महासंघ, नेपाल

## National Farmers Group Federation, Nepal



राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
तेस्रो राष्ट्रिय महाधिवेशन र्‍याली २०८०



विश्व सामाजिक मंच एवं किसान सम्मेलन
र्‍याली २०८०



राष्ट्रिय कृषक समूह महासंघ, नेपाल दोस्रो
गण्डकी प्रदेश अधिवेशन २०८०, पोखरा




राष्ट्रिय कृषक समूह महासंघ, नेपाल दोस्रो
कोशी प्रदेश अधिवेशन २०८०, विराटनगर



राष्ट्रिय कृषक समूह महासंघ, नेपाल दोस्रो
सुदूरपश्चिम प्रदेश अधिवेशन २०८०, धनगढी




राष्ट्रिय कृषक समूह महासंघ, नेपाल दोस्रो
बागमती प्रदेश अधिवेशन २०८०, हेटौंडा



कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय
ज्वाला कुमारी शाह ज्यू समक्ष ज्ञापन पत्र पेश



राष्ट्रिय कृषक समूह महासंघ, नेपाल दोस्रो
लुम्बिनी प्रदेश अधिवेशन २०८०, कोहलपुर

# हार्दिक आभार

किसानका सवाल उठान एवं समाधानका लागि किसानहरूकै गैरराजनीतिक छाता संगठनको रुपमा जन्मँदै किसानको पेसागत हक/अधिकार सुनिश्चितताको परिकल्पना लिएर स्थापना भएको राष्ट्रिय कृषक समूह महासंघ, नेपालले चौधौं स्थापना दिवस मनाईसकेको छ ।

सामाजिक जवाफदेहिता सुशासनको एक महत्त्वपूर्ण अंग हो । आफ्नो हक अधिकारको खोजी गर्नेले सदैव सुशासन, जवाफदेहिता, पारदर्शिता र मितव्ययिता कायम राख्नुपर्छ । यस विषय प्रति महासंघ सचेत छ । सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने धेरै प्रक्रियाहरूमध्ये सामाजिक लेखाजोखा पनि एउटा हो । त्यसैले महासंघले आफ्नो स्थापनाको छोटो अवधिमा दशवटा सामाजिक लेखाजोखा सम्पन्न गरिसकेको छ र यतिखेर एघारौं सामाजिक लेखाजोखा गर्न गइरहेको छ । यसअघिका लेखाजोखाले काममा उत्प्रेरित गरेको र जवाफदेही बन्न सजग गराएकाले नै महासंघले यसलाई निरन्तरता दिइरहेको छ ।

महासंघले सामाजिक लेखाजोखालाई अभियान एवं क्रियाकलापहरूको उपलब्धि र आर्थिक विवरण सार्वजनिक गर्ने प्रक्रिया मात्र बुझेको छैन । यो संस्थाको लक्ष्य, मूल्य/मान्यता र रणनीतिसमेत परीक्षण गराउने सुवर्ण अवसर हो । सामाजिक लेखाजोखा एउटा क्रियाकलापको घटना मात्र नभई वास्तवमा एउटा त्यस्तो प्रक्रिया हो जसले जवाफदेही र पारदर्शिता कायम राख्दै सुशासन प्रवर्द्धन गर्छ । संस्थाभित्रको सामाजिक र नैतिक योग्यता पनि जाँच गर्छ ।

आफ्ना विविध अप्ठ्यारालाई थाती राखी महासंघको निमन्त्रणा स्वीकार गरी कार्यक्रममा उपस्थित भई महत्त्वपूर्ण सुझाव दिनुका साथै महासंघलाई सजग बनाई यहाँसम्म पुग्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्दछु । साथै यस पुस्तिका प्रकाशनमा सहयोग गर्नुहुने केएर नेपाल प्रति हार्दिक आभार प्रकट गर्दछु ।

विगत वर्षहरूझैं यस वर्ष पनि यहाँहरूको रचनात्मक सल्लाह/सुझावको अपेक्षा गरेको छु । साथै महासंघको आगामी यात्रा पनि त्यसैका आधारमा तय गर्ने विश्वास दिलाउन चाहन्छु ।

जय किसान !

पंचकाजी श्रेष्ठ
अध्यक्ष

## विषय सूची

**पृष्ठभूमि** ........................................ १

**खण्ड क** ........................................ ३

**१. दशौं सामाजिक लेखाजोखा एवं तेस्रो राष्ट्रिय महाधिवेशनको सङ्क्षेपीकरण** ......... ३

**२. आ.व. २०८०/८१ प्रगति समीक्षा** ........................................ ४

क. अभियानगत प्रगति ........................................ ४

ख. आर्थिक विवरण ........................................ २५

**खण्ड ख** ........................................ २७

**१. महासंघको संस्थागत अवस्था विश्लेषण अध्ययन नतिजा** ........................................ २७

**२. संस्थागत अभियान र सवालगत पैरवी** ........................................ २७

क. स्थापना कालदेखि महासंघले पैरवी गर्दै आएका विषय : ........................................ २७

ख. महासंघको तेस्रो राष्ट्रिय महाधिवेशनको काठमाडौ घोषणापत्र ........................................ ३०

**खण्ड ग** ........................................ ३२

**अनुसूची १** ........................................ ३२

**अनुसूची २** ........................................ ३४

**अनुसूची ३** ........................................ ३५

# पृष्ठभूमि

सदियौदेखि जीविकोपार्जनको प्रमुख आधारको रुपमा मौलिक तरिकाले कृषि अभ्यास गर्दै आएका ग्रामीण क्षेत्रका साना र सीमान्त किसानको पेशा अनि जीवन दुवै अहिले जोखिममा परेको छ । कृषि क्षेत्रमा क्रमिक रुपमा बढ्दै  गएको रसायनिक मल, बीउ र विषादीको प्रयोगले चिन्ताजनक रुपमा मौलिक कृषि प्रणालीलई लखेट्दै गएको छ ।  क्षणिक आकर्षकजस्ता देखिने आयातीत मल, बीउ र विषादी लगायतका सामग्रीले दीर्घकालीन रुपमा माटो, पानी र पर्यावरणलाई समेत बिगारीरहेको हामिले बुझ्नु जरुरी छ । कृषि बिग्रनुमा माटो बिग्रनु, पानी बिग्रनु र हावापानीको परिवर्तन पनि उत्तिकै जिम्मेवार छन् । जलवायु परिवर्तनको प्रतिकूल असर स्वरुप समयमा वर्षा नहुनु, बाढी पहिरो, भुक्षय लगायत प्राकृतिक विपत्तिको सबैभन्दा बढी चोट पनि तिनै सीमान्त किसानले नै भोग्नु परिरहेको छ ।

जलवायु परिवर्तन सिमान्त किसानद्वारा सिर्जित परिस्थितिको उपज नभएता पनि किसानले माटो र पानी बिग्रनुको पीडा, रसायनिक मल र खतरनाक विषादीको खराव असर आदिका कारण स्वास्थ्य, जीउ-ज्यान र पेशा नै संकटमा परेको छ । किसानले भोग्नु परेको विषादी र रसायनको खराव असर तथा जलवायु परिवर्तनको पीडाबाट न्याय दिलाउनका लागि  पर्यावरमैत्री उत्पादनशील कृषिका नमुना विकास र विस्तार गर्नु, किसानको पहिचान वर्गिकरण एवं सो का आधरामा सेवा सुविधामा वास्तविक किसानको पहुँच पुऱ्याउनु, पर्यावरणमैत्री उत्पादनका  नवीन सिर्जनाको विकास र विस्तार गर्नु आवश्यक छ । उत्पादनमा आधारित खाद्य तथा पोषण सुरक्षाका लागि स्थानीय तहसम्म नै खाद्य तथा पोषण प्रणाली सबलीकरण पनि उत्तिकै महत्वपूर्ण रहेको छ ।

पर्यावरणीय कृषि प्रणालीको अभ्यास गरेमा माटो, पानी र किसानको स्वास्थ्य जोगाउन सकिएला तर उत्पादन लागत केही महंगो पर्ने हुनाले उत्पादकलाई आकर्षित गर्न स्वच्छ उत्पादनको बजारीकरणमा जोड दिनु समेत उत्तिकै आवश्यक छ । बजारीकरणका लागि कृषि उद्यमशीलताको प्रवर्द्धन, उत्पादन लागतका आधारमा उचीत मुल्य सहितको स्थानीय स्तरमा नै बजारीकरणका लागि जोड दिनु आवश्यक छ । साथै किसान र उपभोक्ता दुवैमा जनचेतना अभिबृद्धिको पनि अत्यन्त महत्व हुन्छ । कृषि उत्पादनको माग तथा आपूर्तिमा सन्तुलन मिलाउन नसकेमा बजारीकरणलाई स्थायित्व प्रदान गर्न सकिदैन । त्यसैले उत्पादनको समय, परिमाणलाई समेत ध्यानमा राखी बालीचक्र अपनाउन किसानलाई समेत अभिप्रेरित गर्न सकिन्छ । बाली चक्रका आधारमा उत्पादन गर्दा उत्पादनको बजारीकरणमा समस्या हुदैन र मुल्यको समेत सुचिश्चितता हुन्छ । त्यसैले स्वच्छ उत्पादनको पहिचान र बजारीकरणका लागि महासंघ, अभियान र तहगत सरकारको प्रवर्द्धनात्मक भूमिका अत्यन्त आवश्यक छ ।

नेपालमा ग्रामीण अर्थतन्त्रको प्रमुख आधार कृषि हो । ग्रामीण क्षेत्रमा बसोबास गर्ने कृषिमा आश्रित परिवारको जीविकोपार्जनको प्रमुख आधार कृषि क्षेत्र भएता पनि कृषिमा आश्रित आधाभन्दा बढी घरपरिवारलाई कृषि क्षेत्रको आम्दानीले खान समेत नपुग्ने अवस्था रहेकोले अधिकांश कृषकको अवस्था जटील रहेको देखिन्छ । कृषि गणना २०७८ अनुसार ४५ प्रतिशत कृषक परिवारलाई आफ्नो कृषि कार्यबाट भएको आम्दानीले बर्षभरी खान पुग्ने देखिएको छ । कृषि कार्यमा जीवन विताउने करिव ५५ प्रतिशत किसानको परिवारलाई कृषि कर्मको आम्दानीबाट खान समेत नपुग्ने दुखद परिस्थिति एकातिर रहेको छ अर्कोतिर बढी उत्पादनका लागि अनियन्त्रित रुपमा प्रयोग गरिएका रासायनिक मल, बीउ र विषादीले पर्यावरणमा नै जटील समस्या आउनसक्ने जोखिम रहेको छ । यस परिस्थितिमा उत्पादनमा गुणस्तर, परिमाण र स्वास्थ्य सवैलाई संगसंगै अगाढी बढाउनु आवश्यक छ ।

कृषि क्षेत्रमा उद्यमशीलताको विकास गरी देशमै अवसरको श्रृजना गरी आत्मनिर्भर हुन सक्ने अवस्था श्रृजना

गर्नका लागि मात्र नभइ खाद्य अधिकार र खाद्य सुरक्षाको सुनिश्चितता र दिगो खाद्य प्रणालीको सबलताका लागि समेत जरुरी छ । उद्यमशील युवालाई कृषि पेशामा आकर्षित गर्न कृषि क्षेत्रमा अवसरको अध्ययन, मुल्य श्रृंखलामा योगदान पुऱ्याउने खालका व्यवसायको प्रवर्द्धन र सहज वित्तीय पहुँचको व्यवस्थाका लाीग राज्यस्तरबाट नै पहल हुनुपर्ने देखिन्छ । साना किसानलाई उद्यमीका रुपमा रुपान्तरित गर्नका लागि कृषि पेशालाई नै धितोको रुपमा प्रयोग गरी ऋण एवं अनुदानको व्यवस्था हुनु आवश्यक छ ।

परम्परादेखि मुलुकको आर्थिक एवं सामाजिक उन्नति र समग्र विकासमा अत्यन्त महत्वपूर्ण एवं संवेदनशील स्थान ओगट्दै आएको कृषि क्षेत्रको संरक्षण र सम्बर्द्धनमार्फत राष्ट्र निर्माण गर्ने गहन जिम्मेवारी बोकेको कृषक राज्यको मूलधारमा आउन नसकेको सन्दर्भमा कृषक वर्ग र किसानको हक अधिकार प्राप्तिका लागि बहस/पैरवी गर्न कृषकलाई स्थानीयदेखि केन्द्रीय स्तरसम्म सङ्गठित गराउँदै सेवाप्रदायक निकायहरूमा उनीहरूको पहुँच वृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी उत्पादनमार्फत राष्ट्रिय उत्पादकत्वमा टेवा पुऱ्याउन जरुरी थियो । यसै उद्देश्यका साथ राज्य र कृषकहरूको सेतुका रूपमा कृषिप्रधान देशको मर्मलाई सार्थक तुल्याउनका लागि राष्ट्रिय कृषक समूह महासंघ, नेपाल स्थापना भएको हो । जसले नेपाल सरकारमार्फत देशैभरि गठन भई क्रियाशील कृषक समूहहरूको क्षमता विकास गर्ने अठोट लिएको छ । साथै सरकारी/गैरसरकारी सङ्घ/संस्थाहरूसँग समन्वयात्मकरूपले विकास अभियानमा सरिक हुने लक्ष्यसमेत यसको छ ।

कृषकहरूको छाता सङ्गठनको रिक्तता महसुस हुनु नै यो महासंघ जन्मको मुख्य आधार हो । जसले सम्बन्धित निकायमा दर्ता भई देशैभरि छरिएका क्रियाशील कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूलाई आबद्ध गर्दै आएको छ। तत्कालीन गा.वि.स., सेवा केन्द्र (इलाका), जिल्ला, क्षेत्र हुँदै राष्ट्रिय स्तरसम्मको संरचना निर्माण गरेको राष्ट्रिय कृषक समूह महासंघ गठनको जग २०६८/५/२३ गते मध्यमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय हरिहरभवनमा भएको छलफल थियो । त्यतिबेला कृषक समूहहरूका अगुवा प्रतिनिधिहरूको भेला भएको थियो र उनीहरूले नै यस्तो महासंघको औचित्य औल्याएका थिए । यिनै अगुवाहरूको निरन्तर प्रयासपछि महासंघ देशैभरि कार्यक्षेत्र रहने गरी २०६८ चैत १४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता भएको हो ।

महासंघ त्यसयता कृषि विकास र किसान अधिकारका लागि सम्बन्धित निकायमा पैरवी गर्दै अगाडि बढिरहेको छ । पारदर्शिता, सहभागितामूलक अनुगमन र संस्थागत उत्तरदायित्वलाई आत्मसात गर्दै महासंघले आफ्ना कार्यहरूको मूल्याङ्कन गराउने कार्य पनि थालनी गरेको छ । महासंघले वर्षभरिमा गरेका क्रियाकलापलाई आन्तरिक एवं बाह्य सरोकारवालाबीच सार्वजनिकीकरण गरी प्राप्त सुझावका आधारमा प्रभावकारिता अभिवृद्धि गर्दै अगाडि बढ्नका लागि सामाजिक लेखाजोखा गर्दै आएको छ ।

सामाजिक लेखाजोखामार्फत महासंघको नीति/नियमअन्तर्गत सञ्चालित गतिविधि एवं त्यसको परिणाम र त्यसले लक्षित वर्गको जीवनमा पारेको प्रभावलाई आत्मसात गर्ने, वर्षभरि गरिएका अभियान र त्यसका स्रोतका साथै हासिल उपलब्धि एवं सिकाईबारे सहभागीबीच अनुभव आदान-प्रदान गर्ने गरिएको छ । लेखाजोखामा आएका सुझाव एवं सल्लाहलाई महासंघले मार्गनिर्देशनको रूपमा लिइ कार्ययोजना बनाएर अघि बढ्ने अभ्याससमेत गर्दै आएको छ ।

# खण्ड क

## १. दशौं सामाजिक लेखाजोखा एवं तेस्रो राष्ट्रिय महाधिवेशनको सङ्क्षेपीकरण

देशैभरी छरिएर रहेका कृषि पेशामा संलग्न किसानहरूलाई संगठित गर्दै तत्कालिन कृषि विकास मन्त्रालय अन्तर्गतका निकायहरूमा दर्ता भएका कृषक समूह, पशुसेवा समूह र डिभिजन सहकारी कार्यालयमा दर्ता भएका कृषि एवं कृषि उत्पादक सहकारीहरू सदस्य रहने गरि सम्बन्धित विभाग एवं मन्त्रालय समेतको सिफारीसमा २०६८ सालमा यस महासंघ स्थापना भएको हो ।

साना, महिला, भूमिहीन, सिमान्त किसानहरूको पक्षमा पैरवी गर्ने मूल उदेश्य सहित गठन भएको यस महासंघको वडा, पालिका, जिल्ला, प्रदेश र संघ गरी ५ वटा संरचनाहरूमा रहेका छन् । समूह सदस्य, हुने र व्यक्ति प्रतिनिधि रहने यो महासंघ हाल ६९ जिल्ला र ७ वटै प्रदेशमा कृयाशिल रहि वडा, पालिका, जिल्ला, प्रदेश संघिय कार्यसमिति निर्माण गरी तहगत सरकारसँग हातेमालो गर्दै अगाडी बढी रहेको छ । राज्यका कृषिसँग सम्बन्धित सकारात्मक नीति कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग एवं साना किसान मैत्री नीति निर्माणमा जोड दिदै कृषि र किसानका विभिन्न सवालहरूमा पैरवी गर्दै आईरहेको छ ।

७ वटै प्रदेशलाई प्रतिनिधित्व गर्दै करिब ३५० जना किसान प्रतिनिधिहरूको उपस्थितिमा **"सामाजिक सुरक्षा र मर्यादित जीवनका लागि किसानको आवाज"** भन्ने मुल नाराका साथ २०८० फाल्गुण ५ र ६ गते महासंघको तेश्रो राष्ट्रिय महाधिवेशन काठमाण्डौमा सम्पन्न गरिएको थियो ।

महाधिवेशनको पूर्वसन्ध्यामा भृकुटीमण्डपबाट प्रभातफेरी ऱ्याली शुरुवात भई प्रज्ञा प्रतिष्ठान कमलादी पुगी उद्घाटन सत्रमा परिणत भएको थियो । महाधिवेशनको उद्घाटन राष्ट्रिय समावेशी आयोगका सदस्य माननीय विष्णुमाया ओझाले गर्नु भएको थियो ।

महासंघले उठाउँदै आएका सवाल एवं पैरवीमा आधारित भएर देशभरका किसान प्रतिनिधिहरूले **कृषक समूहरूलाई निकायको रुपमा कर ऐनमा व्यवस्था गरी वार्षिक रुपमा मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनुपर्ने बाध्यकारी व्यवस्थाबाट** परेको असर न्यूनीकरणका लागि सामाजिक लेखापरिक्षणको आधारमा स्थायी लेखापरिक्षण उपलब्ध गराउनुपर्ने,"खाद्य अधिकार तथा खाद्य संप्रभुता नियमावली" अविलम्ब निर्माण र स्थानीयकरण गर्दै कार्यान्वयन गर्नुपर्ने, तहगत सरकारले एकिकृत कृषि विकास ऐन निर्माण एवं कार्यान्वयन गर्नुपर्ने,साना किसानलाई केन्द्रमा राख्दै कृषि समाजवाद, किसानको सम्मानको लागि महासंघको विधान बमोजिम तहगत संरचनाहरूलाई गतिशिलता प्रदान गर्दै अधिकार प्राप्तिको अभियानमा किसान एकतालाई अझ शसक्त रुपमा अगाडी बढाउदै स्थान र भूगोल विशेषका कृषि र किसानका सवाललाई महासंघको तहगत संरचनाले पैरवी गर्ने, किसान पहिचान, वर्गीकरण, परिचयपत्र त्यसको आधारमा सामाजिक सुरक्षाको सुनिश्चितता हुनुपर्ने, खेती योग्य जमिनको संरक्षणको लागि **कृषि भूमिमा जमिन राख्ने व्यक्तिलाई राज्यले उपलब्ध गराउने सामाजिक सुरक्षाको प्याकेजको घोषणा गरिनुपर्ने,** रैथाने पद्धति, (प्रविधि, रैथाने विउ) लाई जगेर्ना गर्दै जलवायु उत्थानशील खेती प्रर्द्धन गरिनुपर्ने, कृषि विमालाई सरल र सहज बनाउदै किसानको उत्पादनको विमाको व्यवस्था ग्रामिण किसान तहसम्म पुऱ्याउनुपर्ने, जंगली जनावरबाट भइरहेको बालीको क्षतीपूर्तिको प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने, घरधुरी स्तरको खाद्यान्न उपभोग प्रणाली, सीमान्त, गरिब लगायत सम्पूर्ण समुदायको खाद्य सुरक्षा र स्वच्छताको सुनिश्चितता गरिनुपर्ने, हरित अर्थव्यवस्थामा रुपान्तरणको लागि जैविक र सांस्कृतिक विविधतालाई सम्बोधन गरिनु पर्ने, स्थानीय ज्ञान, सीपको प्रवर्द्धन, स्थानीय समुदायिक बीउ बैंक, खाद्य बैक, खाद्य भकारीको व्यवस्था साथै आपतकालीन अवस्थाको पूर्वतयारी एवं प्रतिकार्य संयन्त्र र स्थानीय स्तरमा अन्य प्राथमिक आवश्यकता प्रबन्ध गरिनुपर्ने, किसान अभियानलाई संस्थागत र दिगो रुपमा अगाडी बढाउन राष्ट्रिय तहको किसान घर निर्माण एवं कृषि सूचना केन्द्रको आवश्यकता बारेमा समेत छलफल भएको थियो ।

किसान सत्रमा महासचिब रीता बस्ताकोटीद्वारा प्रस्तुत प्रगति प्रतिबेदन, कोषाध्यक्ष गीता भुजेल द्वारा प्रस्तुत आर्थिक प्रतिवेदन छलफल गर्नका साथै सल्लाह एवं सुझावका साथ अनुमोदन गरेको छ । महाधिवेशनको किसान सत्रले ४३ सदस्यिय राष्ट्रिय कार्य समितिको चयन र ३ सदस्यीय लेखा समिति गठन गरेको छ भने साथै १५ बुँदे काठमाण्डौ घोषणापत्र जारी गरेको छ ।

## २. आ.व. २०८०/८१ प्रगति समीक्षा

### क. अभियानगत प्रगति

महासंघले आफ्ना गतिविधिलाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्न पञ्चवर्षीय रणनीतिक योजना ( २०८०-८५) बनाई गतिविधि संचालन गरिरहेको छ । उक्त रणनीतिक उद्देश्य र क्रियाकलापलाई समयसापेक्ष समीक्षा र पुनरावलोकन गर्नुका साथै विविध गतिविधि संचालन गर्दै आएको छ । महासंघको रणनीतिक लक्ष्यअनुसारका क्रियाकलापः

**रणनीतिक लक्ष्य १ः** खाद्य तथा पोषण सुरक्षा, अधिकार, सम्प्रभूताको लागि सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी, मुल्य श्रृंखला र बजारमा पहुँचको सुनिश्चितता गर्ने ।

**रणनीतिक उद्देश्य १.१ :** सदस्य समूहको हक अधिकार सुनिश्चततताको लागि ऐनकानून, नीति नियमावली, योजना तथा कार्यक्रमहरू निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने ।

| सवाल | महासंघको पैरवी | उपलब्धि |
|---|---|---|
| **तहगत सरकारको साना किसानमैत्री ऐन र आवश्यक नीति नियम र कानुन निर्माण** | ❖ खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धी ऐन, २०७५ को कार्यशीलताको लागि आवश्यक बहुप्रतिक्षित खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी नियमावली, २०८० राजपत्रमा छापिएको छ । राष्ट्रिय कृषक समूह महासंघ, नेपाल फियान लागायत खाद्य र कृषिमा कार्यरत संघ संस्थाहरूको निरन्तरको पहल कदमीले पूर्णता पाएको छ । यस नियमावलीले मुख्यतः (किसान पहिचान, वर्गीकरण र परिचयपत्र एवं सोका आधारमा सहुलियत, छुट सुविधा किसानको उत्पादनमा लागतको न्यूनतम बचत सुनिश्चित गर्न लक्षित कृषि विकास कार्यक्रम, (कृषि बिमामा अनुदान, खाद्य अधिकारको योजनाबद्ध कार्यान्वयन, लक्षित घर परिवारको पहिचान र खाद्य सहायता, न्यूनतम समर्थन मूल्य तोक्ने जस्ता विषयहरू समेटिएका छन् नियमावलीको प्रभावकारी कार्यान्वयन र स्थानीयकरणको लागि महासंघ तहगत संरचनाहरूले तहगत सरकारसंगको सहकार्यलाई निरन्तरता दिने छ । नियमावलीको कार्यशीलताको लागि निरन्तर पैरवी जारी राखिनेछ ।<br><br>❖ खाद्य अधिकारको स्थानीयकरण प्रकृयामा मधेश प्रदेशका गौर, गढीमाई र चन्द्रपुर एवं कर्णाली प्रदेशको रास्कोट र बारेकोट नगरपालिकामा स्थानीय कृषि ऐन को निर्माणका लागि छलफल पैरवी एवं सहयोग सहकार्य गरिएको छ । हालसम्म महासंघले ६२ वटा स्थानीय तहलाई ऐन निर्माण प्रक्रियामा सहजीकरण गरेको छ ।<br><br>खाद्य अधिकारको स्थानीयकरण, पर्यावरणीय कृषि एवं साना किसान लक्षित नमुना कृषि अभ्यासबारे सरोकारवालाहरूको भूमिका विषयक कर्णाली प्रदेशस्तरीय संवाद कार्यक्रम कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यूको समुपस्थितिमा वीरेन्द्रनगर, सुर्खेतमा २०८० पौष १३ गते सम्पन्न भएको छ । खाद्य अधिकार सम्बन्धि वागमती प्रदेशस्तरीय अन्तरक्रिया २०८० श्रावण २४ गते सम्पन्न भएको छ । | **संघीय नियमावलीको कार्यान्वयन एवं उल्लेखित पालिकामा कृषि ऐन निर्माण गरी ऐनको कार्यान्वयन प्रक्रिया अगाडी बढेको छ । खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन एवं नियमावलीको व्यावहारिक कार्यान्वयन तथा भूमिकाका बारेमा छलफलबाट सरोकारवालाबीच साझा अवधारणा विकास साथै खाद्य अधिकारको स्थानीयकरणमा महासंघले योगदान गरेको छ ।** |

| | | |
|---|---|---|
| **तहगत सरकारको साना किसानमैत्री ऐन र आवश्यक नीति नियम र कानुन निर्माण** | ❖ खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुताको नीतिगत प्रावधान र स्थानीयकरणको अभ्यास विषयक अन्तर्क्रिया ७ बैशाख, २०८१ मा काठमाडौंमा सम्पन्न भएको छ । कार्यक्रममा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, प्रतिनिधि सभाका माननीयज्यू, नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रायका प्रतिनिधि, कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशका माननीय मन्त्रीज्यू, नगर प्रमुख एवं गाउँपालिका अध्यक्ष, महासंघका तहगत संरचना, किसान संघ संगठन, विकास साझेदार, संचारकर्मी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा दिगो कृषि विकासको खाका सहितको स्थानीय कानुन र कर्म साथै संघिय एवं प्रदेशको नीति र योजना कार्यक्रम राष्ट्रिय कृषक समूह महासंघ नेपालद्वारा लिवर्ड, फियान नेपाल, खाद्य अधिकार राष्ट्रिय संजाल लगायतका संस्थाहरूको सहकार्यमा आयोजना गरिएको थियो । | |
| **खाद्य अधिकार, खाद्य संप्रभुताको व्यावहारिक अभ्यास र स्थानीयकरण** | ❖ बाँदरले कृषकलाइ पुऱ्याएको हानि नोक्सानी वापत क्षतिपुर्ति पाउने व्यवस्थाको लागि २०७३ असोज ९ गते गते रीट दर्ता गरी पैरवीको कानुनी लडाइको सफल पैरवी यात्रा, अन्ततः बाँदरलागयत बन्यजन्तुले किसानको बालीनालीमा पुर्‍याएको क्षतिको क्षतिपूर्तिका लागि सर्वोच्च अदालतको फैसलाको कार्यान्वयन गर्दै नेपाल सरकारले वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका २०८० को अनुसूची १ को १५ पछि १६ नं. थप गरी बाँदर समेत समावेश गरिएको छ । बाँदरले किसानको बालीनालीमा पुर्‍याएको क्षतिको तत्काल उचीत क्षतिपूर्तिका लागि महासंघको पैरवी जारी रहनेछ ।<br>❖ महासंघको पैरवीको सफलतास्वरुप बाँदरले कृषकलाई पुर्याएको हानि नोक्सानी वापत क्षतिपूर्ति पाउने व्यवस्था नेपाल सरकारले गरेकोमा सो व्यवस्थाको कार्यान्वयन र वन्यजन्तुको कारण किसानमा भएको पीडा व्यवस्थापन कसरी ? चिन्तन मननको आयोजना महासंघमा २०८० भाद्र १७ गते सम्पन्न गरियो ।<br>❖ कोही पछाडी नछुटोस् : पानी नै जीवन हो पानी नै खाना हो मूल नाराका साथ ४३ औं विश्व खाद्य दिवस देशका विभिन्न भागमा एवं ग्रामिण महिला दिवस देशका विभिन्न भागमा विभिन्न कार्यक्रमको आयोजना र कार्यक्रममा सहभागी भई मनाइयो ।<br>❖ सुर्खेत जिल्लाको लेकबेशी र भेरीगंगा नगरपालिकामा २ दिने खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको स्थानीयकरण( स्थानीय तह क्षमता विकाश कार्यशाला २०८० श्रावण ३२ गते सम्पन्न गरिएको छ ।<br>❖ सिरहा, उदयपुर र सप्तरी जिल्लाका विभिन्न नगर/गाउँपालिकामा रहेका कृषक समुहहरूमा विविधीकृत पोषण बगैंचा स्थलगत तालिम, पोषण प्रवर्द्धनका लागि वाली विविधिकरण, प्रदर्शनी घर बगैंचा लगायतका विभिन्न क्रियाकलाप सम्पन्न गरिएको छ । CARE Nepal संगको सहयोग एवं स्थानीय तहसंगको सहकार्यमा ती जिल्लाहरूमा पोषण प्रवर्द्धनका क्रियाकलाप संचालनमा रहेको छ । | **बाँदरलगायत बन्यजन्तुले किसानको बालीमा पुर्‍याएको क्षतिको क्षतिपूर्तिका लागि नेपाल सरकारले निर्देशिकामा संशोधन गरी व्यवस्था गरेको छ। उत्पादनमा आधारित खाद्य सुरक्षा एवं खाद्य संप्रभुताको व्यवहारिक अभ्यासमा महासंघले योगदान गरेको छ।** |

| | | |
|---|---|---|
| **दुधको बांकी बक्यौता भुक्तानी माग** | ❖ दुग्ध उत्पादक किसानको पेशागत सुरक्षाको सुनिश्चितता, दुधको बांकी बक्यौता तत्काल भुक्तानी एवं मिल्क होलिडे अन्त गर्न माग गर्दै  महासंघद्वारा अपील एवं ऐक्यबद्धता २०८० मंसीर २१ गते जारी गरिएको थियो ।<br>❖ राष्ट्रिय कृषक समूह महासंघ, नेपाल र किसान संघ संगठनको तर्फबाट दुग्धजन्य पदार्थको वितरण प्रणाली व्यवस्थित गर्न र बाँकी भुक्तानी अविलम्ब भुक्तानीका लागि विभिन्न राजनैतिक दलको संसदीय दलको कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाइ ध्यानाकर्षण,<br>❖ दूधको बाँकी बक्यौता तुरून्त भुक्तानीका लागि किसान आन्दोलन एवं पशु वस्तुसहतिको प्रदर्शन,<br>❖ राष्ट्रिय कृषक समूह महासंघ, नेपाल सम्मिलित राष्ट्रिय किसान सञ्जालले दुग्ध उत्पादक किसानको बाँकी बक्यौता तत्काल भुक्तानी गर्न पटक पटक कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय र सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुका साथै देशैभरी आन्दोलन समेत गरेको थियो । तर पनि अझै करिव ४ अर्व रकम किसानलाई भुक्तानी नगरिएको विषयप्रति ध्यानाकर्षण गराउँदै मिति २०८१ जेठ २६ गते माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री ज्यूलाई ज्ञापनपत्र बुझाइएको थियो । मन्त्री ज्यूले समाधानका लागि प्रकृया शुरु गरिसक्नुभएको र छिटै समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । | **दूधको बांकी बक्यौता भुक्तानीका लागि  सम्बन्धित निकायबाट प्रतिबद्धता एवं सरकारद्वारा रकम निकासा** |
| **महासंघको तहगत संरचनाको संस्थागत एवं नेतृत्व क्षमता विकास** | ❖ राष्ट्रिय किसान सम्मेलन एवं राष्ट्रिय कृषक समूह महासंघ, नेपालको तेस्रो राष्ट्रिय महाधिवेशन २०८० फाल्गुण ५ र ६ गते प्रज्ञाभवन, कमलादी, काठमाडौंमा सम्पन्न भएको छ । तेस्रो महाधिवेशनले पंचकाजी श्रेष्ठको नेतृत्वमा नयाँ राष्ट्रिय कार्यसमिति चयन गरेको छ ।<br>❖ खाद्य अधिकारको स्थानीयकरण र किसानका सवाल विषयक प्रदेश स्तरीय नीतिगत संवाद एवं दोस्रो प्रदेशस्तरीय अधिवेशन सातै प्रदेशमा सम्पन्न भएको छ । संवादमा प्रदेशका निर्वाचित जनप्रतिनिधि, सम्बन्धित सरकारी निकायका कर्मचारी, प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री, महासंघको तहगत संरचना लगायत प्रदेशभरका विभिन्न जिल्लाबाट सयौ किसान प्रतिनिधिंको उपस्थिति रहेको थियो । किसान सम्मेलनका विभिन्न क्रियाकलापहरू किसान एकता कायम गरौं भन्ने नाराको साथ प्रभातफेरी, नगरपरिक्रमा उद्घाटन सत्र, किसान सत्रको आयोजना गरिएको थियो । प्रदेशस्तरीय किसान सम्मेलनले कोशी प्रदेशमा कुसुम दाहाल, मधेश प्रदेशमा दिपक ठाकुर, बागमती प्रदेशमा बिजय लामा, गण्डकी प्रदेशमा गिरी प्रसाद पौडेल, लुम्बिनी प्रदेशमा सर्वजित विष्ट, कर्णाली प्रदेशमा सन्त बहादुर के.सी. र सुदुरपश्चिम प्रदेशमा प्रकाश थापाको अध्यक्षतामा नयाँ प्रदेश कार्यसमिति चयन गरेको छ । | **दोस्रो प्रदेश अधिवेशनबाट सातै प्रदेशमा नयाँ प्रदेश कार्यसमिति एवं तेस्रो राष्ट्रिय महाधिवेशनद्वारा नयाँ राष्ट्रिय कार्यसमिति चयन** |

| | | |
|---|---|---|
| **किसानको पहिचान वर्गीकरण सहित परिचयपत्र वितरण र सो को आधारमा सामाजिक सुरक्षाको सुनिश्चितता** | ❖ लेकबेशी नगरपालिकाको १३ औं नगरसभाले आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम मार्फत वर्गिकरण सहितको किसान परिचयपत्रको आधारमा सेवा सुविधा प्रदान गरिने व्यवस्थालाई सुनिश्चित गरेको छ ।<br><br>❖ उक्त पालिकामा महासंघ र VSO Nepal को साझेदारीतामा किसान परिचयपत्र सम्बन्धि गतिविधि संचालनमा रहेको छ । लेकबेशी नगरपालिकाका सबै किसानलाई वर्गीकरणका आधारमा परिचयपत्र उपलब्ध गराउन समेत परिचयपत्र वितरण प्रक्रियामा महासंघले नगरपालिकासँग सहकार्य गरेको । खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐनको स्थानीयकरणको प्रयासस्वरुप कर्णाली प्रदेशमै पहिलोपटक वर्गीकरण सहितको किसान परिचयपत्र वितरण लेकबेशी नगरपालिका सुर्खेतमा गरिएको छ । हालसम्म महासंघले १७ वटा स्थानीय तहसंगको सहकार्यमा वर्गीकरण सहितको किसान परिचयपत्रको अभ्यासमा सहजीकरण गरेको छ ।<br><br>❖ संघीय सरकारको किसान सूचीकरण कार्यक्रममा सूचीको व्यवस्थापन एवं किसानको बर्गीरकणमा भएको ढीलासुस्ती प्रति सरकारको ध्यानाकर्षण गराउदैं सूचीकरणमा कार्यक्रम सीमित नराखी स्थानीय सरकारको अगुवाइमा किसानको पहिचान, वर्गीकरण, परिचयपत्र र त्यसमा आधारित सेवा सुविधा एवं सामाजिक सुरक्षाको सुनिश्चितताको लागि महासंघले तहगत सरकारसमक्ष पैरवी एवं पहलकदमी गर्दै आएको छ । | **वर्गीकरणका आधारमा परिचयपत्र र सेवा सुविधाका लागि नीतिगत व्यवस्था साथै व्यावहारिक कार्यान्वयनका लागि प्रमाणमा आधारित पैरवी** |
| **विभिन्न दिवस मनाईनुका साथै दिवसमार्फत विविध सवाल उठान एवं सचेतना** | ❖ राष्ट्रिय कृषक समूह महासंघ नेपालको १३ औं स्थापना दिवसको अवसरमा भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका वडा नं. ६ स्थित गंगा देवी सामुदायिक वन उपभोक्ता समिति अन्तर्गत मिश्रित कृषक समूहको वन क्षेत्रमा वृक्षारोपण, कृषि वन सम्बन्धमा परिचर्चाका साथ शुभकामना एवं आगामी दिनमा किसानको हितमा लागिरहने महासंघको प्रतिबद्धता सहित भव्यताका साथ मनाइयो ।<br><br>❖ महासंघको १३ औ स्थापना दिवसको अवसरमा कर्णाली प्रदेश, सुर्खेतको बिरेन्द्रनगरमा खाद्य अधिकारको स्थानीयकरण तथा किसानको विविध सवाल विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो साथै सुदुरपश्चिम प्रदेशको साफेबगर लगायत देशका विभिन्न स्थानमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो ।<br><br>❖ **"सबैका लागि स्वस्थ खाद्यान्न उत्पादनमा ग्रामिण महिला"** भन्ने नाराका साथ १६ औं अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस लेकबेशी नगरपालिका महासंघ अध्यक्षको अध्यक्षता र लेकबेशी नगरपालिका उपप्रमुखको प्रमुख आतिथ्यतामा अन्तरक्रिया कार्यक्रमका साथ सम्पन्न, सिरहा जिल्लाको भगवानपुर गाउँपालिकामा, भगवानपुर गाउँपालिका उपाध्यक्ष रेखा देवी यादवको अध्यक्षतामा, मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, माननीय गोबिन्द बहादुर न्यौपानेको प्रमुख आतिथ्यतामा, विशेष अतिथिहरू: | **विभिन्न दिवसमार्फत सन्देश एवं सचेतना** |

| | | |
|---|---|---|
| | लक्ष्मीपुर पतारी गाउँपालिका उपाध्यक्ष, सखुवानन्कारकट्टी लगायत पालिका प्रमुख उपप्रमुख र स्थानीय तहका कर्मचारी एवं महिला किसानको उपस्थितिमा र्‍याली, प्रदर्शनी, छलफल र ग्रामीण महिला सम्मानका साथ सम्पन्न गरियो ।<br>❖ 'Water is Life, Water is Food. Leave No One Behind' नाराका साथ ४३ औं विश्व खाद्य दिवस (अक्टोबर १६, २०२३) को अवसरमा कर्णाली प्रदेशमा खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धमा विभिन्न कार्यक्रमहरूको आयोजना गरियो साथै अन्य विभिन्न स्थानमा विभिन्न कार्यक्रमको आयोजना एवं सहभागी भै मनाइयो ।<br>❖ राष्ट्रिय कृषक समूह महासघ, नेपालले नियमित रूपमा अन्तर्राष्ट्रिय नारी दिबस मनाउँदै आइरहेको छ । यसबर्ष संघीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र धनगढीमाई न.पा. सँगको सहकार्यमा मनाएको थियो ।<br>❖ "जलवायु मैत्री कृषी, धान उत्पादनमा वृद्धि" २१ औं राष्ट्रिय धान दिवस, २०८१ राष्ट्रिय कृषक समूह महासंघ, नेपालको तहगत सरकारसंगको सहकार्यमा लेकबेशी नगरपालिका, सुर्खेत, कलैया उपमहानगरपालिका, बारा, चन्द्रपुर नगरपालिका, रौतहट, अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सप्तरी लगायत देशका विभिन्न भागमा राष्ट्रिय धान दिवस मनाइयो ।<br>❖ २०८० श्रावण १५ गते काभ्रेको मण्डनदेउपुरमा तेस्रो कोदो दिवस मनाइएको छ । महासंघको अनाज नेपालसंगको सहकार्य एवं एफएओ को आर्थिक सहयोगमा कोदो बहस, कोदो रोपाई, कोदोका परिकारहरूको खाजा र जैविक विविधता एवं पोषणमा कोदोको योगदान विषयमा छलफलका साथ कोदो दिवस मनाइएको छ । | |
| **किसान चौतारीः किसानको सवाल उठान गर्ने थलो** | ❖ भीमफेदी, इन्द्रावती, विजयनगर, हेलम्बु लगायत विभिन्न गाउँ, नगरपालिकामा प्रमुख, उपप्रमुख, सम्बन्धित शाखाका प्रमुखहरू, वन सव डिभिजन कार्यालयका प्रमुख, बैक तथा वित्तिय संस्थाका प्रमुख, राष्ट्रिय कृषक समूह महासंघ नेपालका तहगत संरचना र किसानहरूको सहभागितामा किसान चौतारी कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा किसानका सवाल, सवालको सम्बोधन र सेवा प्राप्तिको प्रक्रियाबारे सघन छलफल र प्रतिबद्धता प्राप्त भएका छन् ।<br>❖ कृषि र किसानका सवालमा आधारित सवालगत पैरवी एवं किसान चौतारी सहजीरकण शीप विकास तालिम (३१ बैशाख र १ जेठ, २०८१) काठमाडौंमा सम्पन्न भएकोछ । कार्यक्रममा कृषक समूहका प्रतिनिधि तथा राष्ट्रिय कृषक समूह महासंघ, नेपालका तहगत संरचनाको उपस्थिति रहेको थियो ।<br>❖ किसान चौतारीलाई थप प्रभावकारी रुपमा संचालन गर्नको लीग किसान चौतारी मार्गदर्शन तयार पारिएको छ। | **किसानका विविध सवालको उठान एवं सचेतना** |

| | | |
|---|---|---|
| **विश्व सामाजिक मंचः राष्ट्रिय अन्तर्राष्ट्रिय मंचमार्फत किसानका विविध सवाल उठान** | ❖ विश्व सामाजिक मञ्च २०२४, नेपाल World Social Forum 2024, Nepal मा साना किसान सम्मेलनको आयोजना गरी खाद्य अधिकारका लागि क्रियशील एवं किसान संघ संगठन र संस्थाका प्रतिनिधि/पदाधिकारीहरूबाट मञ्च मार्फत किसानका सवाल, "सामाजिक सुरक्षाा र मर्यादित जीवनका लागि किसानको आवाज" "Voice for Social Security and Dignified Life of Peasants" का लागि किसानका प्रमुख तीनवटा विषयगत सवालहरूमा आधारित रहेर विषय विज्ञको अवधारणा तथा सहभागीहरूबीच छलफल तथा घोषणापत्र जारी गरिएको थियो ।<br>❖ मुख्यतः ३ वटा अवधारणाहरू, Sustainable food system promoting local and indigenous practices बिषयमा डा. जीवनमणि पौडेल, Global and National issues on empowering small holder farmer (Specially women) बिषयमा डा. यमुना घले तथा Technologies and approaches to sustainable agriculture and food system development in Nepal: Global experience बिषयमा शशांक बिभूले कार्यपत्र प्रस्तुत गर्नुभयो । | **महासंघको सवालमा सरोकारवालाहरू सुसूचित एवं ऐक्यवद्धता** |
| **स्थानीय कृषि र कृषकको पहिचानः मौलिक कृषि अभ्यासको प्रदर्शन** | ❖ राष्ट्रिय कृषक समूह महासंघ, नेपालद्धार FUTURE SMART CROPS EXHIBITION 2024 मा काठमाडौं आयोजित कार्यक्रममा देशका विभिन्न भागमा किसानद्वारा उत्पादित मौलिक उत्पादनको प्रदर्शन गरेको छ । प्रदर्शनीको अवलोकन डा. बेदुराम भुसाल, माननीय मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल सरकार, Dr. Qu Dongyu, Director General, FAO किसान, संचारकमी तथा सर्वसाधारणलगायतले अवलोकन गर्नुभएको थियो ।<br>❖ महासंघले कृषि, डेरी तथा पोल्ट्री सम्बन्धी बृहत् अन्तर्राष्ट्रिय प्रदर्शनीमा किसानी अभ्यास र बीउ बिजनको प्रदर्शनी गरेको छ ।<br>❖ राष्ट्रिय कृषक समूह महासंघ, नेपालद्वारा वन तथा कृषि उत्पादक संगठनहरूको अन्तर्राष्ट्रिय जैविक विविधता सम्मेलन मार्फत् साना किसानको रैथाने कृषि उत्पादन प्रदर्शन तथा प्रवर्द्धन गरिएको छ । २७-३० चैत्र २०८०, पोखरा, कास्की, गण्डकी प्रदेश, नेपाल । | **मौलिक कृषि ज्ञान, शीप र उत्पादनको पहिचान एवं प्रवर्द्धन** |
| **मानवीय सहाता क्षेत्र (पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभ)** | ❖ राष्ट्रिय कृषक समूह महासंघ, नेपालद्धारा CARE Nepal तथा Humanitarian Partnership Platform-HPP को सहयोगमा लक्ष्मीपुर पतारी गाउँपालिकाको समन्वयमा लक्ष्मीपुर पतारी गा.पा. का बिपन्न तथा दलित समुदायका चिसोबाट प्रभावित ४६ परिवारलाई न्यानो कम्बल, फ्लोर म्याट, तिर्पाल, हाईजिन किट, डिगनिटि किट, झुल, बाल्टिन, डोरी, मग लगायतका सामाग्री वितरण गरियो । (२०८० माघ १५ गते) | **प्रकोप उद्धार तथा प्रतिकार्य** |

| | | |
|---|---|---|
| | ❖ महासंघद्वारा मानवीय सहायता साझेदारी मञ्च, CARE Nepal लगायतको सहकार्य एवं मटिहानी नगरपालिका संगको समन्वयमा मटिहानी नगरपालिका वडा नं. ६ का आगलागी प्रभावित १०६ घरपरिवारका लागि भान्साका सरसामान Kitchen Set वितरण गरियो ।<br><br>❖ त्यसैगरी राष्ट्रिय कृषक समूह, महासंघ नेपालको सहजीरकणमा मानवीय सहायता साझेदारी मञ्चद्वारा CARE Nepal को सहयोगमा सर्लाही जिल्ला, विष्णु गाउँपालिका वडा नं. १ गुलरिया टोलमा भएको आगलागीबाट प्रभावित ६५ घरपरिवारका लागि २०८० बैशाख २४ गते सेल्टर किट सामग्रीहरू वितरण गरिएको छ । | |
| **कृषि जैविक विविधको संरक्षण र कृषि वनको प्रवर्द्धन** | ❖ मौलिक कृषि अभ्यासका बोरमा स्थानीय उत्पादकबीच छलफल एवं पर्यावरणीय स्वच्छ उत्पादनको पहिचान र प्रवर्द्धनमा भूमिका तथा सहभागितामूलक सुनिश्चितता प्रणालीको कार्यान्वयनका लागि पालिकास्तरीय सरोकारवालाहरूबीच नीतिगत छलफल हेलम्बु १, नाकोतेमा सम्पन्न गरिएको छ । राष्ट्रिय कृषक समूह महासंघ, नेपालको FAO Nepal संगको सहकार्यमा सञ्चालित स्वच्छ उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत उक्त गतिविधि संचालन गरिएको हो ।<br><br>❖ शिवशक्ति कृषि सहकारी संस्था, भीमफेदीको आयोजना र महासंघसंगको सहकार्यमा भीमफेदी गाउँपालिका २ भैंसेमा किसान चौतारी (२०८० चैत्र १४ गते सम्पन्न भएको छ । भीमफेदी गाउँपालिकाका उपाध्यक्ष, बडाध्यक्षहरू, राष्ट्रिय कृषक समूह महासंघ, नेपालका तहगत संरचना, कृषि सहकारी, साना किसान, सामुदायिक वन लगायतको सहभागितामा सम्पन्न कार्यक्रममा स्वच्छ उत्पादन प्रकृया र अभ्यास, उत्पादनको बजारीकरण, किसानको वित्तीय सेवामा पहुँच लगायतका विषयमा छलफल भइ स्वच्छ उत्पादन अभ्यास गर्ने, किसानलाइ सहुलियतपूर्ण वित्तीय सेवाका लागि सहयोग गर्ने र स्वच्छ उत्पादनको बजारीकरका लागि सहकार्य गर्ने छलफलको निर्णय भएको छ। त्यसैगरी देशका विभिन्न भागमा स्वच्छ उत्पादन र बजारीकरणका बारेमा विभिन्न गतिविधि सम्पन्न भएका छन् ।<br><br>❖ राष्ट्रिय कृषक समूह महासंघ, नेपाल र श्री शिवशक्ति कृषि सहकारी संस्था लि. को सहकार्यमा साना किसानको उत्पादन एवं बजारीकरणको सवाल विषयक उत्पादक कृषक र बजार संचालक बीच चिन्तन मनन कार्यक्रम २०८० काठमाडौंमा सम्पन्न भएको छ । कार्यक्रममा स्वच्छ उत्पादन, उत्पादनको पहिचान, प्रवर्द्धन, उद्यमशीलता तथा बजारीकरणका विविध पक्षका बारेमा छलफल भएको छ । दिगो बजार निर्माणका लागि भूमिका र आगामी दिनमा गरिने सहकार्यमा प्रतिबद्धता समेत गरिएको छ । मुना कृषि मेट्रो मार्केटलगायत ठुला बजारकर्ताहरूसँग महासंघले स्वच्छ उत्पादनको बजारीकरणका लागि पहल जारी राखेको छ । | **कृषि जैविक विविधताको संरक्षण, स्वच्छ उत्पादनको प्रवर्द्धन** |

| | | |
|---|---|---|
| | ❖ शिवशक्ति कृषि सहकारी संस्था लि.द्वारा भीमफेदी गाउँपालिकामा FAO Nepal को सहयोग एवं राष्ट्रिय कृषक समूह महासंघ, नेपाल संगको सहकार्यमा स्वच्छ उत्पादनको सहभागितामूलक सुनिश्चितता प्रणाली (पिजिएस) अभ्यास समीक्षा र कार्यदिशा कार्यक्रम भीमफेदी ५, मकवानपुरमा २०८१ बैशाख २८ गते सम्पन्न्न भएको छ । | |
| **भूमिहीन, सीमान्तकृत, महिला र साना कृषकलाई लक्षित गरी सुलभ र सहजरुपमा कृषिमा वित्तीय स्रोत परिचालन** | ❖ भूमिहीन, सीमान्त, महिला र साना किसानको आर्थिक सशक्तिकरण वित्तीय सेवामा पहुँच अभिबृद्धि गर्ने उद्देश्यले महासंघ CARE Nepal, Nepal Investment Mega Bank Ltd., R&d संगको साझेदारीतामा शुरुवाती चरणमा कोशी र मधेश प्रदेशका ६४०० घरधुरीलाई किसान कार्ड उपलब्ध गराउने कार्यको शुभारम्भ भएको छ । कृषि कर्मको लागि आवश्यक कृषि सामग्रीहरू एवं पशुबस्तुहरू खरीद तथा उद्यमशीलता विकास सँग सम्बन्धित गतिविधिका लागि किसानले यस कार्डको उपयोग गर्न सक्नेछन् । महासंघले भुँई किसानहरूलाई बैंकिङ प्रणालीमा आबद्ध गराई सहुलियत कर्जाको सुविधाका लागि गरेको अभियानको कोशेढुंगाको रुपमा यसले योगदान गर्नेछ । यसका लागि महासंघको अभियान जारी रहनेछ ।<br><br>❖ राष्ट्रिय कृषक समूह महासंघ नेपालका देशैभरिका तहगत संरचनाका महिला नेतृत्वहरूको सहभागितामा महिला किसान नेतृत्व विकास सम्मेलन ८-चैत्र, २०८१ महासंघको VSO Nepal / CARE Nepal संगको सहकार्यमा सम्पन्न भएको छ । सम्मेलनले महिला किसानको सवाललाई संस्थागत अगुवाइ गर्दै कृषिमा भएको महिलाकरणलाई उद्यमशीलतामा रुपान्तरण गर्ने वातावरणको अगुवाई गर्न महासंघको तहगत संरचनालई सशक्त र गतिशील बनाउन महासंघको संरचना भित्र महिला किसान मंच परिचालन गरी अगाडी बढ्ने संकल्प गरेको छ । राष्ट्रिय तहमा महिला किसान सिकाइ शिविर पछि कर्णालीमा ९ र १० मंसीर २०८१ र मधेश प्रदेशमा ४ र ५ पुस २०८१ मा देशभरका महिला किसानको सहभागितामा सम्पन्न भएको छ । प्रदेश हुदै पालिका तहसम्म महिला किसान सिकाइ शिविर अभियान जारी छ । | **किसान कार्डमार्फत भूमिहीन, सीमान्तकृत महिला र साना किसानको वित्तीय पहुँच एवं उद्यमशीलता प्रवर्द्धन** |
| **अन्तर्राष्ट्रिय कोदो बहस** | ❖ 'कोदोजन्य बाली उत्पादन, प्रवर्द्धन र सेवन गरौं' मूल नाराका साथ कोदोजन्य बालीको महत्व र प्रवर्द्धन अन्तर्राष्ट्रिय बहस १६ चैत्र २०८०, काठमाडौमा सम्पन्न गरिएको छ । कार्यक्रममा मिलेट म्यान अफ इन्डियाका खादर वली ले कोदोको विविध औषधीय गुण र पौष्टिकता बारेमा सहजीकरण एवं जिज्ञासाहरूको समाधान गर्नुभएको थियो । कोदोलाई राष्ट्रिय महत्वको बालीको रुपमा स्थापित गराउन महासंघ र अनाजले २०७७ देखि नेपालमा गरेको कोदो बहस सान्दर्भिक भएको छ । कोदोको अन्तर्राष्ट्रिय बहसको अब शुरूवात भएको छ । | **कोदोको बहुगुणको सचेतना प्रवर्द्धन** |

| | | |
|---|---|---|
| **तहगत सरकारका कृषि सम्बन्धी नीति तथा कार्यक्रमका लागि सुझाव पेश** | ❖ कृषि क्रान्तिको नाम लिने तर सधैं कृषि क्षेत्रलाई सधैं टालाटुली बटुलीमा अल्झाउने नगरी ठोस र प्रभावकारी नीति, कार्यक्रम र त्यसको कार्यान्वयन आवश्यक छ । वास्तविक किसानको पहिचान, खेती गर्ने किसानलाई प्रोत्साहन र सामाजिक सुरक्षाको सुनिश्चितता नगर्ने हो भने कृषिजन्य बस्तुको परनिर्भरता थप पेचिलो बन्दै जान्छ । यसर्थ "कृषि सुधारको शुरुवात गर्न अब ढिलो नगरौं" भन्ने आह्वानको साथ राष्ट्रिय कृषक समूह महासंघ, नेपालको तहगत संरचनाका प्रतिनिधि मण्डलले आ.व. २०८१/८२ को नीति, कार्यक्रम र बजेट मार्फत सरकारले कृषि सुधारका लागि सम्बोधन गर्नुपर्ने क्षेत्रहरूलाई समेटी सम्बन्धित पालिका एवं सातै प्रदेश सरकारसमक्ष अडानपत्र पेश गरिएको छ। त्यसैगरी २० वटा बुँदामा समावेश गरी अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, राष्ट्रिय किसान आयोग समक्ष सुझाव पेश गरेको छ । | **नीति तथा कार्यक्रम कृषि एवं किसानमैत्री बनाउन पैरवी** |
| **स्वैच्छिक राष्ट्रिय पुनरावलोकन VNR** | ❖ दिगो विकास लक्ष्यको स्वैच्छिक राष्ट्रिय पुनवलोकन VNR नेपालले गर्दै गरेको सन्दर्भमा लक्ष्य नं. २ (भोकको अन्त्य, खाद्य सुरक्षा एवं सुधार सहितको पोषण हासिल र दिगो कृषि प्रर्द्धन गर्ने) सँग प्रत्यक्ष सरोकार राख्ने उत्पादक कृषक तहको बुझाई र योगदान सम्बन्धमा निम्नानुसार गतिविधिको आयोजना गरी आएका निचोडलाई महासंघले राष्ट्रिय योजना आयोग एवं सम्बन्धित निकायमा पेश गरेको छ ।<br>१. स्थानीय, प्रदेश र राष्ट्रिय तहमा किसानबीच अन्तरक्रिया र सुझाव संकलन,<br>२. नागरिक समाजले आयोजना गरेका छलफल अन्तरक्रियामा सहभागी भइ धारणा पेश,<br>३. राष्ट्रिय योजना आयोगले आयोजना गरेको छलफलमा सहभागी भइ धारणा प्रस्तुत,<br>४. कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सुझाव पेश,<br>५. राष्ट्रिय योजना आयोग समक्ष सुझाव पेश | **दिगो विकास लक्ष्य प्राप्तिका लागि सोच एवं आवश्यक क्रियाकलाप बारेमा महासंघको योगदान** |
| **मन्त्री फेरिदै महासंघको खबरदारी बढ्दै** | ❖ राष्ट्रिय कृषक समूह महासंघ, नेपालका अध्यक्ष पंचकाजी श्रेष्ठज्यूको नेतृत्वमा महासंघको प्रतिनिधिमण्डलले कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय ज्वाला कुमारी साह सँग भेट गरेको छ । भेटमा, भर्खरै जारी खाद्य अधिकार तथा खाद्य संप्रभुता नियमावली, २०८० ले गरेको कृषकको पहिचान, वर्गीकरण र परिचयपत्र, त्यसको कार्यान्वयनको सन्दर्भमा भएको व्यवस्था बारे ध्यानाकर्षण, कृषक समूहलाई गरिएको अनिवार्य स्थायी लेखा नम्बरको खारेजी एवं स्थानीय, प्रदेश र संघीय कृषि ऐन बारे महासंघको धारणा सहित २७ बुंदे मागपत्र पेश गरिएको छ । माननीय मन्त्रीज्यूबाट महासंघले पेश गरेको मागलाई प्राथमिकता दिने एवं महासंघसँग समय लिएर कृषि विकास, खाद्य र किसान अधिकार बारे थप संबाद गर्ने प्रतिबद्धता व्यक्त भएको छ । | **वास्तविक किसानहरूको बैधानिक छाता संगठनको रुपमा किसानका सरोकारका विषय उठान एवं संगठित पैरवी** |

| | | |
|---|---|---|
| | ❖ राष्ट्रिय कृषक समूह महासंघ, नेपाल एवं खाद्य तथा कृषिसँग सम्बन्धित १५ वटा नागिरक समाज संघरसंस्थाहरूद्वारा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय भानुभक्त जोशीसमक्ष खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ र नियमावली २०८० को प्रभावकारी कार्यान्वयन सम्बन्धमा (४ जेठ, २०८१) ज्ञापन पत्र पेश गरिएको छ ।<br>❖ ज्ञापन पत्रमा ऐन तथा नियमावलीको व्यावहारिक कार्यान्वयनका लागि तिनै तहका सरकारको प्रभावकारी भूमिका, तिनै तहको खाद्य योजना र परिषद् समन्वय समिति लगायतका संरचाहरूको निर्माण तथा प्रभावकारी कार्यान्वयन एवं कृषि, किसान र खाद्य अधिकार तथा खाद्य संप्रभुतासँग सम्बन्धित सवालहरूलाइ विषेश प्राथमिकताका साथ सम्बोधनको लागि ध्यानाकर्षण गराइएको छ । | |
| **कृषक पाठशाला, परम्परागत अभ्यास र खुला सिकाइ केन्द्र** | ❖ महासंघले १४ असार, २०८१ मा कृषक पाठशाला अभ्यास सम्बन्धी राष्ट्रिय नीति संवादको काठमाडौमा आयोजना गरेको छ । कृषि विभागका उपमहानिर्देशक राजेन्द्र कोइरालाको अध्यक्षाता संचालित कार्यक्रममा राष्ट्रिय कृषक समूह महासंघ नेपालको तहगत संरचना, NIMB बैक, गैासास महासंघ, उद्योग वाणिज्य महासंघ, किसान आयोग, केएर नेपाल, World Vision, WHH, WFP, LI-BIRD, CIPRED, SAHAS, CARITAS, FORWARD, SAPPROS, R&D, क्वारेन्टाइन तथा विषादी परीक्षण केन्द्र, लगायत कृषि क्षेत्रमा कृयाशील सरकारी तथा गैर सरकारी संस्था एवं संचारकर्मीहरूको सहभागिता रहेको थियो । कृषक पाठशाला कृषि प्रसार सेवाको प्रभावकारी माध्यम भएकोले समान बुझाइ कायम गरी दिगोपनका लागि राष्ट्रियदेखि स्थानीय तहसम्म संयन्त्रको निर्माण, एकरुपता एवं प्रभावकारी बनाई नीति निर्माणमा संवादको योगदान रहेको छ । साथै मधेश प्रदेशस्तर एवं सिरहा र सप्तरी जिल्लाका पालिकास्तरमा समेत संवादको आयोजना गरी पाठशालालाई संस्थागत एवं समूह पद्धतिलाई सुदृढ बनाउन पहलकदमी थालनी गरिएको छ । महासंघले ७०० भन्दा बढी कृषक समूहमा पाठशालामार्फत किसानहरूबीच अन्तरसिकाइ, उत्पादनको असल अभ्यास एवं स्वच्छ उत्पादन अभियानलाई गतिशील बनाएको छ । | **कृषक पाठशालाः कृषि प्रसारको प्रभावकारी माध्यमको रुपमा पुनर्स्थापित गराउन प्रमाणमा आधारित नीतिगत पैरवी** |
| **संचार पैरवी** | ❖ विभिन्न संचारमाध्यमबाट अन्तर्वार्ता मार्फत किसनका समस्याहरूको उठान सशक्तिकरणको सन्देश एवं नीतिगत पहलकदमी | **सरोकारवालाको ध्यानाकर्षण एवं अधिकारवालालाई सन्देश** |

**रणनीतिक उद्देश्य १.२, :** सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यवसायिक र वातावरण मैत्री कृषि पद्धति अवलम्वन गर्ने ।

➢ स्थानीय सरकार र महासंघबीचको सहकार्यमा जलवायुमैत्री कृषि नमुना विकास र विस्तारका कामहरूलाई महासंघले निरन्तरता दिएको छ । रुपान्तरण परियोजना, संरक्षण परियोजना, जल जंगल परियोजनामार्फत जलवायु उत्थानशील कृषि अभ्यास गरिएको छ ।

➢ महासंघले स्थापनाकालदेखि नै पैरवी गर्दै आएको खाद्य अधिकार, खाद्य संप्रभुताको व्यावहारिक अभ्यासलाई

कार्यान्वयन तहमा अगुवाई गरिएको छ । खाद्य अधिकार खाद्य संप्रभुता ऐन २०७५ तथा नियमावली २०८० को स्थानीयकरणका साथै संविधानले दिएको अधिकार प्रयोग गरी १७ वटा (कोशी प्रदेशको बेलका नगरपालिका, कटारी नगरपालिका, कन्काई नगरपालिका, सिद्धिचरण नगरपालिका र सुनकोसी गाउँपालिका, मधेस प्रदेशको भगवानपुर, सखुवानन्कारकट्टी, अग्निसाइर कृष्णसवरन, लक्ष्मीपुर पतारी गाउँपालिकाका साथै धनगढीमाई नगरपालिका, गण्डकी प्रदेशको सिरानचोक गाउँपालिका, लुम्बिनी प्रदेशको सरावल र विजयनगर गाउँपालिका, सुदूरपश्चिम प्रदेशको गोदावरी र कृष्णपुर नगरपालिका साथै कर्णाली प्रदेशको लेकवेशी नगरपालिका) स्थानीय सरकारले वर्गीकरणसहितको किसान परिचयपत्र र त्यसको आधारमा सेवा/सुविधाको अभ्यास थालनी गरेका छन् । किसान वर्गीकरणको आधारमा सेवा/सुविधामा न्यायोचित पहुँच स्थापना र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले सुरु गरिएको यस अभ्यासले लक्षित समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सार्वजनिक सेवा/सुविधा, प्रविधि, स्रोत आदिमा किसानहरूको पहुँच स्थापनाका लागि सहजीकरण गरेको छ । संघीय सरकारले संचालनमा ल्याएको किसान सूचीकरणको कार्यक्रमलाई स्थानीय सरकारको अगुवाईमा किसान वर्गीकरण र त्यसको आधारमा सामाजिक सुरक्षाको सुनिश्चितता सँग जोडेर लैजान महासंघले निरन्तर पैरवी गर्दै आएको छ ।

- सिरहा जिल्लाको भगवानपुर गाउँपालिका र विभिन्न सरोकारवालासँगको सहकार्यमा महासंघले २०७० देखि नमुनाका रूपमा सुरु गरेको जग्गा भाडामा लिइ गरिने खेती(करार खेती)को नमुना अभ्यास विभिन्न ३१ स्थानमा विस्तार भएको छ ।  स्थानीय सरकारले यस अभ्यासलाई नीति कार्यक्रम बजेटमार्फत विगत ७ वर्षदेखि निरन्तरता दिएका छन् । स्थानीय सरकारसँगको साझेदारितामा गरिएको यस अभ्यासबाट सीमान्त समुदायका ४६० मुसहर एवं दलित परिवारका १३०० जना लाभान्वित भएका छन् । सीमान्त गरिब, भूमिहीन र साना किसानको जीविकोपार्जनको कोसे ढुङ्गाका रूपमा यस अभ्यास स्थापित भएको छ । करार खेतीमा संलग्न किसानहरूलाई मौसमीलगायत अन्य सूचनाको अभ्यासस्वारूप कृषि सल्लाह सेवा जोडिएको छ । स्थानीय, प्रदेश र सङ्घीय सरकारका नीति तथा कार्यक्रममार्फत प्राथमिकताका साथ विस्तारका लागि नीतिगत र संस्थागत अभ्यासको थालनी भएको छ ।

- केएर नेपालको साझेदारीमा संचलीत कृषक पाठशाला (रुपान्तरण परियोजना) कार्यक्रम अन्तर्गत किसानको क्षमता विकास र उद्यमीमा रुपान्तरणको अभ्यास गरिएको छ। सिरहा जिल्लाका भगवानपुर, सखुवानन्कारकटि्ट, लक्ष्मिपुर पतारी, धनगढीमाई पालिका र सप्तरी जिल्लाको अग्निसाई कृष्ण सावरन, रुपीनी पालिकामा ५०० वटा कृषक समुहका १२५०० घरधुरी जलवायु उत्थानशील योजना निर्माण र कार्यन्वयन, स्थानीय ज्ञान, विउ, सिकाईको प्रवर्द्धन, नवीनतम जलवायुमैत्री कृषि अभ्यासमा सरिक भएका छन् । कृषक पाठशालालाई किसान स्वयंसेवक मार्फत सिकाइ आदान प्रदान गर्ने थलोको रुपमा विकास गरिएको छ । यस अभ्यास किसान र प्राविधिक विचको दूरी कम गर्ने साथै टुटेको कृषि प्रसार सेवालाई जोड्ने माध्यमको रुपमा स्थापित भएको छ । कृषक पाठशाला अभ्यासलाई प्रणाली संयोजन मार्फत दीर्घकालीन रणनीति एवं संयन्त्र विकासमा तहगत रुपमा नीतिगत व्यवस्थाका खातिर महासंघले सरोकारवालाहरूसँग संवाद, सहकार्य र पैरवीलाई अघि सारेको छ ।






- त्यसैगरी उक्त समूहलाइ लक्षित गरी पाठ्यक्रम एवं स्थानीय सरकारसंगको साझेदारितामा जलवायु मैत्री गाउँ अभ्यासलाई अगाडी बढाइएको छ । जसअन्तर्गत प्रत्येक पालिकामा नमूना अभ्यास मार्फत जलवायुमैत्री गाउँ निर्माण र त्यसको विस्तार गर्ने उद्देश्य राखिएको छ ।



- त्यसैगरी पोषण कार्यक्रम मार्फत सिरहा, सप्तरी र उदयपुरका ६००० सीमान्त तथा दलित घरधुरी तहमा किसान कार्डमा आधारित कृषि सामग्री उपलब्धता विविधिकृत पोषण बगैचा स्थापना, खानपान सुधार एवं पोषण व्यवहार परिवर्तन, स्वच्छ उत्पादन, महिला तथा बालवालिकाको स्वास्थ्य सुधार, स्थानीय तहसंगको सहकार्यमा बालबालिकाको बृद्धि अनुगमन एवं पोषण प्रणाली सबलीकरण, समूह परिचालन र क्षमता विकास, महिला सशक्तिकरण, पोषण कुना अभ्यास, पोषण सचेतना, उत्पादनमा आधारित पोषण अभ्यासमा सहजीकरण गरिएको छ । समुदाय र घरधुरी तहमा रहेका पोषणमा आधारित हानीकारक अभ्यासलाई हटाउने र जीविकोपार्जनमा सुधारमा

कार्यक्रमले योगदान गरेको छ ।



- लहान नगरपालिकाको १५ र १८ नम्बर वडाका मुतनीखोला उपजलाधार क्षेत्रका सीमान्तकृत भूमिहिन अपांगता भएका र वनमा आश्रित ३२ वटा समूहका ७५० घरधुरीलाई लक्षित गरी जिवीकोपार्जनमा टेवा पुऱ्याउन जलाधारको व्यवस्थपन जैविक विविधताको संरक्षण दीगो जीविकोपार्जनको वैकल्पिक उपायका लागि क्षमता विकास एवं सहजीरकण गरिएको छ ।



- एफएओ संगको सहकार्यमा कृषि वन सहज कार्यक्रम अन्तर्गत सहभागितामूलक सुनिश्चितता प्रणालीको अभ्यासमार्फत पहिचानसहितको स्वच्छ उत्पादन प्रवर्द्धनलाई निरन्तरता दिइएको छ । स्वच्छ उत्पादन र  स्वस्थ जीवनका लागि पर्यावरणीय कृषि अभियानलाई उपभोक्ता र उत्पादकबीचको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न किसान बजारको प्रवर्द्धन गर्ने योजना महासंघले बनाएको छ ।

- भियसएओ नेपालसंगको सहकार्यमा एक्टिभ परियोजना अन्तर्गत कर्णाली प्रदेशको सुर्खेत साथै मधेश प्रदेशको बारा र रौतहट जिल्लाका स्थानीय तहमा पर्यावरणीय कृषि अभ्यासको सिकाइ मार्फत पर्यावरणीय गाउँमा रुपान्तराण गरिएको छ । खाद्य अधिकारको स्थानीयकरणका लागि स्थानीय तहमा कृषि कानुन निर्माण एवं त्यसको व्यावहारिक कार्यान्वयनमा सहजीकरण गरिएको छ। यस कार्यक्रम अन्तरगत वर्गीकरण सहितको किसान परिचयपत्र तथा जीविकोपार्जन गतिविधि संचालनमा रहेका छ ।

| क्र.सं. | गतिविधि | नतिजा | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | समूह परिचालन | नभएका ठाउँमा समूह गठन । गठन भए पनि निष्क्रिय समूहलाई पुनर्जीवन । उनीहरूकै सक्रिय सहभागितामा अभ्यास । | ४७ कृषक समूह | |
| २ | पर्यावरणीय कृषि अभ्यास | कृषक समूहहरू र विद्यालयमा स्थापना भएको पर्यावरणीय कृषि अभ्यास प्रदर्शनी स्थलमा सामूहिक योगदान । त्यहाँबाट सिकेर घर-घरमा अभ्यास थालनी । विद्यालय र कृषकबीच एकअर्को प्रदर्शनीस्थलमै पुगेर ज्ञान आदान-प्रदान । विद्यालयमा सिकेका कुरा विद्यार्थीद्वारा घरमा पनि लागु । | समूह-६, विद्यालय-४, पालिका-८ | |
| ३ | खाद्य अधिकारको स्थानीयकरण | स्थानीय कृषि ऐन, किसान परिचयपत्र कार्यविधि आदि निर्माणमा प्राविधिक र आवश्यक सहयोग प्रदान गर्नाले पालिकालाई सहज । | ८ पालिका | |
| ४ | हरित उद्यमशीलता | टुना/टपरी, ड्रयागन फ्रुट, बेसार जस्ता उद्यम थालनीले एकातिर आर्थिक अवस्था सुधार र अर्कोतर्फ पर्यावरण संरक्षणमा दिगो योगदान । | ८ वटा | |
| ५ | युवा, किसान, शिक्षा, स्वास्थ्यको एकीकृत अभ्यास | युवा नेतृत्वका क्लब, विद्यालय र किसानका खेतबारीमा गरिने अभ्यासले एकअर्कालाई जोड्न र बुझाइमा समानता ल्याउन योगदान पुगेको । | ८ पालिका | |
| ६ | नीति कार्यशीलतामा योगदान | राष्ट्रिय कृषक महासङ्घका स्थानीय संरचनाको निरन्तर पछ्याइका कारण बनेका नीति कार्यान्वयनमा सहजता । | २ प्रदेश / सङ्घीय तह | |

- डब्लु एच एच र लीवर्डसंगको सहकार्यमा खाद्य अधिकार एवं खाद्य संप्रभुताको व्यवहारिक कार्यान्वयका

सन्दर्भमा प्राकृतिक स्रोत तथा कृषि समितिका माननीय, कृषि तथा पशुपन्छी मन्त्रालयको सहभागितामा राष्ट्रिय स्तरको अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ ।

- राष्ट्रिय कृषक समुह महासंघ, नेपालद्वारा USAID जल जंगल नेपालको सहयोगमा चितवन जिल्लाको माडी नगरपालिका र पर्सा जिल्लाको जिल्लाको ठोरी गाउँपालिकामा "सिमान्तकृत समुदायमा लक्षित जिवीकोपार्जन एवं उत्थानशीलता कार्यक्रम" संचालन गरिएको छ । यस परियोजना ९० वटा समूहको जलवायु उत्थानशील क्षमता अभिवृद्धि गर्न एवं लैंगिकताको सवाललाई मूल प्रवाहिकरण गर्न समूह परिचालन, उत्थानशील कृषि अभ्यास, जलवायु मैत्री गाउँ अभ्यास, जलवायु पाठशालालाई योजनाबद्ध रुपमा अगाडी बढाएको छ ।

| क्र.सं. | पालिका | समुह | घरधुरी |
|---|---|---|---|
| १ | माडी नगरपालिका | ६० | १९२६ |
| २ | ठोरी गाउँपालिका | ३० | ९२२ |
| | जम्मा | ९० | २८४८ |

- महासंघद्वारा सहास नेपालसंगको सहकार्यमा खाद्य अधिकारको स्थानीयकरणका लागि कर्णाली प्रदेशका रास्कोट गाउँपालिका, बारेकोट गाउँपालिका र मधेश प्रदेशको अर्नामा गाउँपालिकामा स्थानीय कृषि ऐनको निर्माणका लागि सहजीकरण गरिएको छ ।

- किसानको पहिचान, वर्गीकरण सहितको किसान परिचय पत्र त्यसमा आधारित सामाजिक सुरक्षा लगायत विभिन्न किसानका सरोकारका विषयमा कृषि तथा पशुपंक्षि विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय किसान आयोग, किसान संजाल एवं राजनीतिक दलका प्रतिनिधिहरू अखिल नेपाल किसान महासंघ, नेपाल किसान महासंघ, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र), अखिल नेपाल किसान महासंघ (समाजबादी), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी महासंघ) हरूसंगको सहकार्यमा नीतिगत पैरवी गरिएको छ । महासंघको तहगत संरचना मार्फत लक्षित बर्गको मानवीय आर्थिक र सामाजिक अवस्था सुधार ल्याउन कृषि उत्पादनलाई व्यावसायिक र उत्पादनमैत्री बनाउन पहल गरिएकोछ छ ।

**रणनीतिक उद्देश्य १.३ :** छरिएर रहेका भूमिहीन, सिमान्त र साना महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आवद्ध गर्दै संगठीत गर्ने ।

छरिएर रहेका भूमिहीन, सीमान्त र साना महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आबद्ध गर्दै सङ्गठित गर्ने ।

| उपलब्धि | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ |
|---|---|---|
| गोलबद्ध किसान सदस्य | १६९५०० | २७०००० |
| सदस्य समूहहरू महासंघमा आबद्ध | ५६५० | ९००१ |
| जिल्ला महासंघ बिस्तार | ६३ | ६९ |

यस आ.व. मा ३३५१ कृषक समूहहरू थप भई महासंघमा आबद्ध सदस्य समूह ९००१ पुगेको छ । ६९ वटा जिल्लामा महासंघको सङ्गठन विस्तार भएको छ । महासंघको विधानअनुसार वडा, पालिका, जिल्ला, प्रदेश र सङ्घीय संरचनाहरू गतिशील छन् । तहगत संरचनाको परिषद् र सदस्यता अद्यवधिक गरिएको छ ।

धान दिवस, खाद्य दिवस, अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस, कोदो दिवस, अर्गानिक कृषि मेला, कृषि उत्पादन प्रदर्शनी जस्ता गतिविधिहरूमा स्थानीय सरकार, प्रदेश सरकार एवं सङ्घीय सरकारका साथै सरोकारवालाहरूसँग साझेदारिता एवं सहकार्य गरिएको छ । तहगत सरकारका विभिन्न समितिमा महासंघको संस्थागत प्रतिनिधित्व छ । किसान अधिकार एवं संस्थागत प्रतिनिधित्वका लागि महासंघले किसान सम्वाद शृङ्खला, किसान चौतारी एवं सवालमा आधारित छलफल तथा पैरवीलाई निरन्तरता दिएको छ ।

**रणनीतिक लक्ष्य २:** जीविकोपार्जन, जलवायु न्याय, उत्थानशील कृषिका नमूना विकास र विस्तार, नवीन श्रृजना, खाद्य तथा पोषण प्रणाली सबलीकरण, आर्थिक शसक्तिकरण, जोखिम न्यूनीकरण र सामना, नीतिगत पैरवी, आदिका लागि साझेदार एवं सरोकारवालाहरूसँग संस्थागत सहकार्य सुदृढ गर्ने ।

**रणनीतिक उद्देश्य २.१:** किसान अधिकारमा आधारीत जीविका र जिविकोपार्जनमा सहकारात्मक योगदानको लागि महासंघको दिगो स्रोत र सहयोगको लागि प्रकृति मिल्दो श्रोत साझेदार तथा दात्री निकायहरूसँग सहकार्य अभिवृद्धि गर्ने ।

| स्रोत साझेदार | साझेदारीको क्षेत्र |
|---|---|
| केएर नेपाल | ❖ महासंघको रणनीतिक उद्देश्य प्राप्तिका लागि साना तथा सीमान्तकृत कृषकहरू विशेषतः महिला किसानको सशक्तीकरण तथा खाद्य अधिकारमा पहुँच अभिवृद्धि गर्ने, जलवायु परिवर्तनबाट सिर्जित समस्याहरूसँग जुध्न समुदायसँग मिलेर अनुकूलनका लागि कृषि नमुना विकास तथा प्रवर्द्धनका प्रयासमा समुदायलाई सहयोग ।<br>❖ वर्गीकरणसहितको किसान परिचयपत्र अभ्यास<br>❖ कृषक पाठशाला<br>❖ पोषण सम्बेदनशील जीविकोपार्जनका गतिविधि<br>❖ संरक्षण, जलवायुमैत्री गाउँ । |
| भिएसओ | ❖ पर्यावरणीय कृषि प्रवर्द्धन, जीविकोपार्जन र शसक्त समाज निर्माणमा योगदान |
| सहास नेपाल | ❖ स्थानीय तहमा कृषि ऐन निर्माण सहजीकरण |
| लिवर्ड नेपाल | ❖ उत्पादनमा आधारीत खाद्य सुरक्षाका लागि संगठन सवलीकरण |
| एफएओ | ❖ सीमान्त समुदायको जीविकोपार्जन तथा जलवायु उत्थानशील क्षमता विकास एवं सहभागितामूलक गुणस्तर प्रणाली प्रवर्द्धन |
| यूएसएआईडि | ❖ जलजंगल र जैविक विविधता |
| तहगत सरकार | ❖ कृषि नमुना विस्तारका लागि तहगत सरकारसँग स्रोत साझेदारी, नीतिगत सहकार्य |
| आन्तरिक स्रोत | ❖ सदस्यता नवीकरण शुल्क, इच्छादानअन्तर्गत महासंघले आन्तरिक स्रोत सङ्कलन गरी संस्थागत क्रियाकलापमा परिचालन |

**रणनीतिक उद्देश्य २.२:** महासंघको आन्तरिक स्रोतसाधनको वृद्धि, परिचालन र व्यवस्थापन गर्ने।

**आन्तरिक स्रोत :** सदस्यता नवीकरण शुल्क, इच्छादानअन्तर्गत महासंघले आन्तरिक स्रोत सङ्कलन गरी संस्थागत क्रियाकलापमा परिचालन गर्दै आएको छ ।

**रणनीतिक लक्ष्य ३ :** किसान अधिकारको स्थापना लागि महासंघको तहगत संगठन विस्तार, संस्थागत क्षमता विकास र पैरवी नेतृत्व क्षमता अभिवृद्धि गर्ने गर्दै समृद्ध र शसक्त किसान अभियानको अगुवाई गर्ने ।

➢ महासंघको अभियानलाई अनुशासित र मर्यादित बनाउन बनेका विभिन्न १७ नीति कार्यान्वयनमा छन् ।

➢ नियमितरूपमा राष्ट्रिय सचिवालय, कार्यसमितिको बैठक, समीक्षा, छलफल गरी अभियान अगाडि बढाइएको छ ।

➢ सहभागितामूलक कार्यक्रम विकास, योजना र यसको कार्यान्वयन, सुशासन र जवाफदेहिता, सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, वित्तीय प्रणाली तथा नीति नियमको पालना, मानवस्रोत र अन्य बन्दोबस्त, पैरवी क्षमता जस्ता क्षेत्रअनुसार निर्धारण भएका विभिन्न ८८ सूचकभित्र रही सहभागितामूलक संस्थागत क्षमता विश्लेषण एवं सुधार योजना निर्माण गरी महासंघले आफूलाई स्वमूल्याङ्कन गर्दै आइरहेको छ ।

➢ महासंघको राष्ट्रिय कार्यसमिति बैठकले राज्यको पुरर्संरचना अनुसार वडा, पालिका, जिल्ला प्रदेश र राष्ट्रिय तहमा महासंघको संरचनाहरू कायम गरी सोही संरचनाअनुसारको अभ्यास गरिएको छ ।

➢ महासंघको तेस्रो महाधिवेशन पश्चात् निम्नानुसारको समिति र विभाग गठन भै क्रियाशील रहेको छ ।

| **क. समितिहरू** | | | |
|---|---|---|---|
| **भूमिका** | **खरिद समिति** | **सेवा खरिद** | **कर्मचारी छनौट समिति** |
| संयोजक | लक्ष्मि भण्डारी | पंचकाजी श्रेष्ठ | लक्ष्मी भण्डारी |
| सदस्य | गीता भुजेल | महानन्द सापकोटा | केदार कोइराला |
| सदस्य | केदार कोइराला | केदार कोइराला | श्रोत सा.स.प्रतिनिधी |
| **ख विभागहरू** | | | |
| | **१. कार्यक्रम विकास तथा कार्यन्वय** | **२. पैरवी तथा जनवकालत** | **३. महिला किसान मंच** |
| संयोजक | पंचकाजी श्रेष्ठ | महानन्द सापकोटा | अनिता बस्नेत |
| सदस्य | महानन्द सापकोटा<br>गीता भुजेल | गिता भुजेल<br>अनिता बस्नेत | कुमारी चौधरी, लक्ष्मी भण्डारी, गीता भुजेल, राधा निरौला, लक्ष्मी वि.क., मिरा शाह र सुमित्रा चौधरी |
| सदस्य सचिव | राष्ट्रिय निर्देशक | पैरवी अधिकृत | मानव श्रोत अधिकृत |
| | **४. सामाजिक संजाल व्यवस्थापन सुचना र सम्पर्क विभाग** | **५.संगठन विभाग** | **६. लैगीकता तथा संवदेनशीलता** |
| संयोजक | बलीराम शाह | गीता भुजेल | कुमारी चौधरी |
| सदस्य | मोतीराम अधिकारी<br>कुमार शाही, रमेश कु. शाह | राम प्रसाद गौतम, लक्ष्मि भण्डारी, | रमा ढुंगाना, लक्ष्मि भण्डारी, सुजीता देवि |
| सदस्य | कविता महतो | गणेश विष्ट, | लुना थापा, रामकृष्ण नेपाली |
| सदस्य सचिव | सुचना अधिकृत | खरिद सहायक | मानव श्रोत अधिकृत |
| | **७. उद्यमशीलता विकास** | **८. नीति अध्यापन तथा अनुशन्धान** | **९. मानवीय सहायता विभाग** |
| संयोजक | चित्रनाथ पौडेल | नविन सिहं भडेल | गिरिराज शर्मा |
| सदस्य | रविन्द्रलाल माझी | धुव्र खनाल, रसिद खाँ, | विष्णु प्रसाद दुलाल |
| सदस्य | रेवन्ती बोहोरा, ज्ञानु भण्डारी, पूर्ण सिंह साउद | शान्ता न्यौपाने, विमलादेवी चौधरी | नारद निरौला, लक्ष्मि विक पार्वती सारु, बबीता पूर्वे |
| सदस्य सचिव | कार्याक्रम अधिकृत | का. निर्देशक | का निर्देशक |

| | १०.क्षमता विकास विभाग | ११. प्रचार र प्रकाशन | |
|---|---|---|---|
| संयोजक | गणेश पोखरेल | लक्ष्मी भण्डारी | |
| सदस्य | श्रृजना विक | सीता कुँवर, लिलावती ढकाल | |
| सदस्य | गणेश साप्कोटा, जोगानन्द कलवार, उषा खत्री | कमल गुरुङ, लक्ष्मि कुमारी चौधरी | |
| स.सचिव | का निर्देशक | सुचना अधिकृत | |

## साना किसानको अभियान, महासंघको १४ औ पाईला

**पाईला एक - महासंघ स्थापनाको वर्ष २०६८**

भाद्र २३, किसान, तत्कालीन मध्यमाञ्चल क्षेत्रिय कृषि विकास निर्देशनालय हरिहरभवनमा १२ जिल्लाका १५ जना किसानहरूको सहभागीता, किसान अधिकार प्रति समर्पित अभियान प्रारम्भ

**पाईला दुई - क्षमता विकास  वर्ष २०६९**

अडान, धारणा एवं सवाल उठान सहकार्यको खोजी, क्षमता विकास र रणनीतिक योजना तयारी

**पाईला तीन - खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य संप्रभुताको लागि अभियान वर्ष २०७०**

स्वाभिमानी किसान, समृद्ध महासंघ भन्ने दुरदृष्टिका साथ २०७०- ७५ रणनीतिक योजनामा आधारीत यात्रा प्रारम्भ, झोलाबाट कोठामा प्रवेश

**पाईला चार - संगठन सवलीकरण वर्ष २०७१**

२५ जिल्लामा महासंघ विस्तार, प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न, सवाल उठान र पैरवी योजना निर्माण, बाँझो जमिन उपयोग नीतिगत अभ्यास, बाँदरले किसानलाई दिएको पिडाको सवाल औपचारीक रुपमा उठान, नेपालमा ग्रामिण महिला दिवस बनाउन शुरुवात

**पाईला पाँच - संस्थागत क्षमता विकास वर्ष २०७२**

प्रमाण संकलन, प्रमाणमा आधारित पैरवी, संविधानमा किसानका सवाल स्थापीत,

**पाईला छ - संस्थागत सवलीकरण अभ्यास वर्ष, २०७३**

सहकार्य र संजालीकरण विस्तार एवं सवालमा आधारीत पैरवी, बाँदरले किसानालाई पुर्‍याएको क्षतिको क्षतिपूर्ति दावि गर्दै सर्बेच्चमा रीट दायर

**पाईला सात - संगठन विस्तार अभियान  वर्ष, २०७४**

४८ जिल्लामा महासंघ विस्तार, स्थानीय सरकार संचालन ऐन मार्फत कृषिको स्थानीयकरण

**पाईला आठ - सवालमा आधारीत पैरवी वर्ष, २०७५**

खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ जारी, ससर्त कृषि बजेट, कृषि संरचनाको स्थानीयकरणको लागि पहलकदी, महासंघको तहगत संरचनाको पुनसंरचना अधिवेशन, ४८ जिल्लामा महासंघ विस्तार

**पाईला नौ - दोश्रो पंचवर्षिय योजना शुभारम्भ वर्ष २०७६**

**"स्वावलम्बी, मर्यादित र सम्मानित किसान - महासंघको सरोकार, सेवामा पहुँच र नीतिगत तहमा प्रतिनीधित्व - हाम्रो अधिकार"** भन्ने दुरदृष्टिका साथ २०७६- ८० रणनीतिक योजनामा आधारीत यात्रा प्रारम्भ, दोश्रो राष्ट्रिय महाधिवेशन, संगठन सवलीकरण, कृषि नमुना विकासका लागि ऐन, कार्यविधि निर्माणको लागि सहजीकरण

**पाईला दश - स्थानीय कृषि नीति निर्माणमा सहजीरकण वर्ष २०७७**

कृषि नमुना विकास र विस्तारको शुभारम्भ, पूर्नलाभ र जीविकोपार्जन लक्षित गतिविधि, कोदो बहस श्रृखलाको शुरुवात

**पाईला एघार - नीति विश्लेषण प्रमाण संलकन एवं सवाल आधारीत पैरवी वर्ष, २०७८**

स्थापनाको दशक चिन्तन मनन र कार्यदिशा तयार, प्रथम साना किसान राष्ट्रिय सम्मेलन, खाद्य प्रणालीको स्थानीयकरण अभियान

**पाईला बाह्र - पैरवी वर्ष, २०७९**

वर्गिकरण सहित किसान परिचयपत्र वितरणको लागि स्थानीय सरकारलाई सहजीकरण उत्पादनमा आधारीत पोषण, पर्यावरणीय कृषि प्रवर्द्धन, हरीत उद्यमशीलता,

**पाईला तेह्र - महाधिवेशन वर्ष**

तेश्रो राष्ट्रिय महाधिवेशन वर्ष २०८०, तय गरी तहगत संरचनाको अधिवेशनहरू सम्पन्न, ६९ जिल्लामा संगठन विस्तार,

**पाईला चौध -** पर्यावरणीय कृषि एवं स्वच्छ उत्पादन र उद्यमशीलता प्रवर्द्धन

**रणनीतिक उद्देश्य ३.१:** महासंघको संस्थागत नीति, नियम र निर्देशिकाको कार्यान्वयन सुनिश्चित गर्ने ।

- श्रावण २०८० - आषाढ २०८५ सम्मको लागि सरोकारवाला, महासंघको तहगत संरचनाहरूको सहभागीतामा महासंघको तेश्रो पञ्चवर्षीय रणनैतिक कार्यशील रहेको छ ।
- ७ वटै प्रदेशलाई प्रतिनिधित्व गर्दै करिब ३५० जना किसान प्रतिनिधिहरूको उपस्थितिमा “सामाजिक सुरक्षा र मर्यादित जीवनका लागि किसानको आवाज” भन्ने मुल नाराका साथ २०८० फाल्गुण ५ र ६ गते महासंघको तेश्रो राष्ट्रिय महाधिवेशन काठमाण्डौमा सम्पन्न भएको छ, महाधिवेशनले सांगठनिक र आर्थिक प्रतिवेदन अनुमोदनका साथै नयाँ कार्यसमितिको चयन, नीतिहरूको परिमार्जन प्रस्ताव अनुमोदन गरेको छ ।
- महासंघमा आबद्ध ९००१ समूहमा नियमित बैठक, हित कोष सङ्कलन, समूह नवीकरण, हक/अधिकार, सेवा/सुविधाबारे छलफल ।
- किसानमा बचत/लगानी/पारदर्शिता/कृषि, पशु सेवाबारे छलफल/समूहको नियमित बैठकमा सहभागिता /समूहस्तरीय सवालहरूको पहिचान एवं स्रोत खोजीमा सहजीकरण ।
- स्थानीय सरकार एवं प्रदेशस्तरीय सरकारसमक्ष **“कृषि र किसानका सवालमा आधारित अन्तरक्रिया”** गरी अडानपत्र पेश ।
- स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, किसानका सवालबारे अभिमुखीकरणका साथै पालिका तहले बनाएको नीति तथा कार्यक्रमबारे पालिका प्रमुखसँग साक्षात्कार गरी किसानमैत्री अभ्यासका लागि अवधारणा एवं अडानपत्र मार्फत सवालगत पैरवी गरिएको छ ।
- **स्थानीय तहका ५९ वटा पालकाको कृषि ऐन** तर्जुमामा सहजीकरण ।
- गाउँ तथा नगर महासंघमार्फत लक्षित समुदायमा कृषक समूह गठन, नवीकरण, परिचालनमा सहजीकरण, स्रोतको खोजीलगायत किसान अधिकारबारे नियमित सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन ।

**रणनीतिक उद्देश्य ३.२:** कृषकहरूको गैरराजनीतिक छाता संगठनको रुपमा विभिन्न तहमा प्रतिनीधित्व सुदृढ गरी कृषिक्षेत्रमा कार्यरत विषयगत संघसंस्थाहरूसँग सहकार्य एवं सञ्जालीकरण गर्ने ।

- सवाल मिल्ने सङ्घ/संस्थासँग सहकार्य गर्ने रणनीतिअनुरूप महासंघले विभिन्न समितिमा प्रतिनिधित्व एवं सङ्घ/संस्थासँग सहकार्य गर्दै आएको छ ।

**क. स्थानीय तह**

- स्थानीय तहमा महासंघको संस्थागत प्रतिनिधित्व र पहिचान स्थापित भएको छ । कृषिसँग सम्बन्धित नीतिगत छलफलमा महासंघको सहभागितालाई प्राथमिकतामा राखेका छन् ।
- विभिन्न २५ वटा पालिकामा करार खेती, किसान परिचयपत्र, कृषि बिमा, आवधिक योजना, कृषि नीति निर्माण कार्यमा स्रोत साझेदारी रहेको छ ।
- अन्तर्राष्ट्रिय महिला दिवस, धान दिवस, प्राङ्गारिक कृषि मेला आदिमा तहगत सरकारसँग सहकार्य गरिएको छ ।
- उद्देश्य मिल्ने स्थानीय संस्था (जस्तै-प्राकृतिक स्रोतमा काम गर्ने संस्था, किसान अधिकारमा सहयोग गर्ने संस्था)हरू
- सरोकारवाला सरकारी निकाय (वडा, गाउँपालिका, नगरपालिकाका आर्थिक समिति साथै कृषिसँग सम्बन्धित समिति)हरू

**ख. प्रदेश तह**

- प्रदेशस्तरीय खाद्य सुरक्षा सूचना प्रणाली निर्देशक समिति
- मानविय सहायता मञ्च

**ग. राष्ट्रिय तह**

क. कृषि मन्त्रालयअन्तर्गतको पारिवारिक खेती दशक
(राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यान्वयन समिति) सदस्य
ख कृषि, खाद्य सुरक्षा र पोषण क्षेत्र (दिगो विकास मञ्च) सह संयोजक
ग. सञ्चालक समिति (एसिया प्रशान्त क्षेत्रीय किसान कार्यक्रम) सदस्य
घ. राष्ट्रिय जैविक समिति, सदस्य
ङ. स्थानीय ज्ञान प्रवर्द्धन कार्यक्रम, विश्व सञ्जाल सदस्य
च. राष्ट्रिय किसान सञ्जाल, सदस्य
छ. राष्ट्रिय खाद्य अधिकार सञ्जाल
ज. राष्ट्रिय किसान आयोग आबद्धता
झ. मानवीय सहायता साझेदारी मञ्च
ञ. राष्ट्रिय भूमि गठबन्धन
ट. अन्तर्राष्ट्रिय पर्यावरणीय कृषि गठबन्धन

**रणनीतिक लक्ष्य ४:** उत्पादक किसानहरूलाई संगठीत, क्षमता अभिबृद्धि एवं शसक्तिकरण, संस्थागत सुशासन, प्रतिनिधित्व तथा पहिचान र सामाजिक सुरक्षा सहितको किसानहरूको सम्मानित जीवन सुनिश्चितता गर्दै समन्वय गरी  दिगो  र पर्यावरण कृषिको माध्यमबाट उत्पादकत्व बृद्धिमा टेवा पुर्‍याउने ।

- महासंघले स्थानीय सरकारको कृषि ऐन एवं कृषिसम्बद्ध कानुनहरूमा दिगो र पर्यावरणीय कृषिलाई संस्थागत रुपमा स्थापित गराउन समुदाय तहमा अभ्यास एवं तहगत सरकारसँग अभियान संचालन गर्दै आएको छ ।
- उत्पादक किसानलाई संगठित एवं सशक्तिकरणको माध्यमद्वारा स्वच्छ उत्पादनको पहिचान एवं बजारीकरणलाई अगाडी बढाईएको छ ।
- उद्देश्य मिल्ने संस्थाहरूसंगको संजालीकरणलाइ थप बलियो एवं विस्तार गर्दै पर्यावरणीय कृषि प्रवर्द्धनका खातिर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सम्बन्ध, समन्वय र सहकार्यलाई जोड दिइएको छ ।
- २०८-०८२ लाई महासंघले पर्यावरणीय कृषि  एवं स्वच्छ उत्पादन र उद्यमशीलता प्रवर्द्धन बर्षका रुपमा अगाडी बढाएको छ ।

## ख. आर्थिक विवरण

२०८० श्रावण देखि २०८१ असार ३१ सम्म

### प्राप्ति खर्च विवरण

| प्राप्ति विवरण | रकम रु | खर्च विवरण | रकम रु |
|---|---|---|---|
| डि.ए.आई (जल जंगल परियोजना) | १२,५२,३१७।०० | डि.ए.आई (जल जंगल परियोजना) | १०,८७,५८८।०० |
| भियसओ नेपाल (एक्टिभ परियोजना) | १,००,६४,५८८।०० | भियसओ नेपाल (एक्टिभ परियोजना) | ९५,९९,८७३।०० |
| केयर नेपाल - (संरक्षण परियोजना ) | १,००,०७,९७१।०० | केयर नेपाल - (संरक्षण परियोजना) | ९६,०६,९५६।०० |
| एफ य ओ (एफ एफ एफ परियोजना) | १०,५२,२१३।०० | एफ य ओ (एफ एफ एफ परियोजना) | ९,३४,२३८।०० |
| केयर नेपाल (सि.एस.भिएन परियोजना) | २४,६१,०२५।०० | केयर नेपाल (सि.एस.भिएन परियोजना) | १३,१३,९९५।०० |
| केयर नेपाल (रुपान्तरण परियोजना) | २,३५,८१,९९१।०० | केयर नेपाल (रुपान्तरण परियोजना) | २,३५,८१,९९१।०० |
| केयर नेपाल (सोअर-३ परियोजना) | ८,९९,२९८।०० | केयर नेपाल (सोअर-३ परियोजना) | ८,९९,२९८।०० |
| केयर नेपाल (पोषण परियोजना) | ३,९४,२६,८०६।०० | केयर नेपाल (पोषण परियोजना) | ३,२७,८९,२१८।०० |
| तेस्रो महाधिवेशन योगदान | ८,४५,५००।०० | बिश्व सामाजिक मंच खर्च | ३,३००।०० |
| तेस्रो महाधिवेशन योगदान (परियोजना) | ३,४९,६५६।०० | प्रदेश स्तरिय नितिगत संवाद कार्यक्रम खर्च | १,५१,१३५।०० |
| अन्य आय | ५६,६१७।०० | महाधिवेशन खर्च | ९,४८,९५८।०० |
| | | लेखा परिक्षण खर्च | १,१३,०००।०० |
| | | महाधिवेशन यातायात खर्च | १९,०००।०० |
| **जम्मा रकम** | **८,९९,९७,९९८१।००** | **जम्मा रकम** | **८,१०,४९,०९५।००** |
| **बैक मौज्दात (Fund Balance)** | **८९,४८,८८६।००** | | |

### अनुसूची १: बैक मौज्दात (Bank Balance)

| | |
|---|---|
| स्टाण्डर्ड चार्टर्ड बैक (सि.एस.भिएन परियोजना) | १६,५०,४४८।०० |
| नविल बैक (जल जंगल परियोजना) | |
| राष्ट्रिय बाणिज्य बैक | २,३४,२६९।०० |
| एन आइ सि एसिया बैक (एक्टिभ परियोजना) | १,६२,२९२।०० |
| राष्ट्रिय बाणिज्य बैक (एफ.एफ.उफ) | २८,५८,५१४।०० |
| स्टाण्डर्ड चार्टर्ड बैक (रुपान्तरण परियोजना) | १,७८८।०० |
| स्टाण्डर्ड चार्टर्ड बैक (पोषण परियोजना) | ७०६९,८७४।०० |
| स्टाण्डर्ड चार्टर्ड बैक( सोअर ३ परियोजना) | २६,४८,१३१।०० |
| **जम्मा** | **१४,६६,७६८१।००** |

### अनुसुचि २ : नगद मौज्दात (Cash Balance)

| | |
|---|---|
| सानो नगदी कोष केन्द्रिय कार्यालय | २०,४७०।०० |
| **जम्मा** | **२०,४७०।००** |

## अनुसुची ३ : भुक्तानी दिन बाँकी (Payble)

२०८० श्रावण देखि २०८१ असार ३१ सम्म

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | भियसओ नेपाल (एक्टिभ परियोजना) | ३१,८१,५४३।०० |
| २ | केयर नेपाल (रुपान्तरण परियोजना) | २१,४०,१४२।०० |
| ३ | केयर नेपाल (सि.एस.भिएन परियोजना) | ५,०३,४१८।०० |
| ४ | केयर नेपाल - (संरक्षण परियोजना) | ६,९४,०७६।०० |
| ५ | डि.ए.आई (जल जंगल परियोजना) | ५,४७,७४०।०० |
| ६ | केयर नेपाल (एफ आईडि भ्यालिडेसन र वितरण परियोजना) | १२,३४,४६६।०० |
| ७ | केयर नेपाल (एफ आईडि स्केल अप परियोजना) | ९,६७,०८२।००।०० |
| ८ | संस्थागत | ६,२६,९१२।०० |
| ९ | लिवर्ड सहयोग कार्यक्रम - लान प्लस परियोजना ) | ३४,२०,८७१।०० |
| १० | केयर नेपाल - (पोषण परियोजना) | ९,३३,४११।०० |
| ११ | केयर नेपाल (सोअर-३ परियोजना) | २१,८९५।०० |
| १२ | एफ य ओ (एफ एफ एफ परियोजना) | १,५८,५३९।०० |
| | **जम्मा** | **१,१४,३०,०९५।००** |

## अनुसुची ४ : पेश्कि वा भुक्तानी लिनबाँकी (Advance and Receivable)

२०८० श्रावण देखि २०८१ असार ३१ सम्म

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | संस्थागत | १,३८,१५०।०० |
| २ | एफ एफ एफ परियोजना | २,७४,७२६।०० |
| ३ | एक्टिभ परियोजना | १,८३,९४१।०० |
| ४ | रुपान्तरण परियोजना | ८,६५,८५४।०० |
| ५ | संरक्षण परियोजना | २,४६२।०० |
| ६ | जल जंगल परियोजना | ४,६८,२००।०० |
| ७ | पोषण परियोजना | १,४२,७४४।०० |
| | **जम्मा** | **२०,७६,०७७।००** |

# खण्ड ख

## १. महासंघको संस्थागत अवस्था विश्लेषण अध्ययन नतिजा

संस्थागत विकासका विभिन्न ४ वटा क्षेत्र एवं २५ वटा मुख्य सूचकहरू पहिचान गरी ८८ वटा उपसूचक बनाइ महासंघले विगत १२ वर्षदेखि सहभागितामूलक विधिद्वारा संस्थागत अवस्था विश्लेषण गर्दै आएको छ। संस्थागत क्षमता विश्लेषणपश्चात सुधार योजना बनाइ कार्यान्वयन गरिने अभ्यास कायमै छ। क्षमता विश्लेषणबाट प्राप्त वार्षिक नतिजा बढ्दै गएको छ।

| **वर्ष (सन्)** | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ |
|---|---|---|---|---|---|---|---|
| **अङ्क** | ४०% | ५३ % | ६३ % | ७२ % | ७७.८८ % | ७८.८८ % | ८१.६८ % |
| **वर्ष (सन्)** | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४ | | |
| **अङ्क** | ८२.१ % | ८२.३ % | ८२.६ % | ८२.८ % | ८८. % | | |

## २. संस्थागत अभियान र सवालगत पैरवी

**क. स्थापना कालदेखि महासंघले पैरवी गर्दै आएका विषय :**

- किसानको पहिचान, वर्गीकरण सहित परिचयपत्र वितरण र सोको आधारमा सामाजिक सुरक्षाको सुनिश्चितता
- तहगत सरकारको साना किसान मैत्री कृषि ऐन र आवश्यक, नीति, नियम, कानुन निर्माण, परिमार्जन र प्रभावकारी कार्यन्वयन
- राष्ट्रिय, अन्तर्राष्ट्रिय विद्यामान नीति, कानुन, प्रतिवद्धता, घोषणाको कार्यन्वयनको अवस्था विश्लेषण, स्थानीयकरण गरी कार्यन्वयनको लागि दवाव
- कृषि तथा पशुपंक्षी मन्त्रालय अन्तरगतका संरचनाहरूको विकेन्द्रीकरण र स्थानीय तहमा कृषि जनशक्ति
- सर्वमान्य लागतको गणना गरी मुनाफाको सुनिश्चितता सहितको/समर्थन मूल्य निर्धारण र कार्यान्वय
- भूमिहीन, सिमान्तकृत, महिला र साना कृषकहरूलाई लक्षित गरी सुलभ र सहज रुपमा कृषिमा बित्तिय श्रोत परिचालन
- कृषि बीमाको सरलीकरण र स्थानीयकरण
- खाद्य अधिकार, खाद्य संप्रभुताको व्यवहारीक अभ्यास र स्थानीयकरण
- कृषि जैविक विविधताको संरक्षण, कृषि बनको प्रवर्द्धन
- रैथाने ज्ञान, सीप  विउ संरक्षण र प्रवर्द्धन
- पारिवारिक खेती प्रणालीको प्रवर्द्धन एवं प्रांगारिक खेती मार्फत दिगो तथा आत्मनिर्भरमुखी कृषि
- स्थानीय तहमा बीउ बैक र खाद्य भकारीको व्यवस्था
- समुह खेती, उत्पादनको चक्लाबन्दी, बाँझो जमिनको उपयोग
- साना कृषक मैत्री जलवायु  न्यायमा आधारीत उत्थानशील कृषि
- उत्पादनमा आधारित खाद्य सुरक्षा, पोषण र खाद्य प्रणालीको स्थानीयकरण

- मानविय सहायताका क्षेत्र (पूर्वतयारी, प्रतिकार्य र पूर्नलाभ)
- वातावरणीय सवाल  (वन्य जन्तु महामारी, क्षती, रोग, स्वस्छ उत्पादन)
- कृषक पाठशाला, परम्परागत अभ्यास र खुल्ला सिकाई केन्द्र
- कृषि वन कार्यक्रमको सञ्चालनः एक गाउँ एक नर्सरी स्थापना
- कृषि शिक्षा र पाठ्‍याक्रम
- २० बर्षे कृषि विकास रणनीति पुनरावलोकन र संघीयता अनुरुप स्थानीयकरण
- राजनीतिक दलको घोषणापत्रमा किसानको सवाल
- दिगो विकास लक्ष्य एवम् उद्देश्यको स्थानीयकरण
- जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलन कानुन निर्माण र कार्यान्वयन
- स्थानीय सरकार संचालन ऐनमा किसानको सवाल
- संविधानमा रहेको किसानको सवालको कार्यशीलता
- कृषि सिचाइको शुल्कमा सरलीकण
- कृषिमा बैदेशिक लगानी रोक
- किसानको स्वास्थ्य बीमाको व्यवस्था
- दिगो कृषिका लागि प्रांगारिक खेतीपाती प्रवर्धन
- कृषि उत्पादनका साधनमा भन्दा कृषि उत्पादनमा अनुदानको व्यवस्था
- कृषक समूह, पशु सेवा समूहलाई स्थायी लेखा नम्बर (प्यान)का लागि सामाजिक लेखा परीक्षणलाई मान्यता
- स्थानीय तहमा जाने कृषि बजेट सशर्त हुनु पर्ने
- बाँदरलगायत बन्यजन्तुद्वारा कृषि बालीमा पुऱ्याएको क्षतिपूर्तिको कार्यान्वयन
- बहुक्षेत्रीय पोषण योजनाले परिकल्पना गरे बमोजिमका स्थानीय संरचनाहरूको गठन र कार्यशीलता,
- न्यूनतम् समर्थन मूल्य निर्धारण र कार्यान्वयन
- जग्गाको वर्गीकरण र कृषियोग्य भूमिको संरक्षण
- नीतिगत तहमा महासंघको तहगत प्रतिनीधित्व
- विषयगत समितिहरूमा महासंघको तहगत प्रतिनिधित्व
- स्वस्छ र स्वस्थ उत्पादन सहितको कृषि प्रणाली मार्फत दिगो तथा आत्मनिर्भरमूखी कृषि प्रवर्धन युवाहरूको कृषिमा आकर्षण र हरित उद्यमशीलता
- उत्पादनमा आधारित खाद्य प्रणाली, खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य संप्रभुताको सुनिश्चितता

- आवश्यकतामा आधारित उत्पादनका साधन, उत्पादनमा सहजिकरण, मूल्य श्रृंखला र बजारीकरणको सुनिश्चितता
- खेतीयोग्य जमीनमा पर्याप्त सिंचाइको व्यवस्था
- भू उपयोग नीति ऐन र नियमावलीको कार्यशीलता
- सेवा प्रदायकको सेवा सुविधामा पहुँच स्थापना
- समूहखेती, चक्लावन्दि उत्पादन, कृषि वन व्यवस्थापन प्रणालीको नीतिगत व्यवस्था र कार्यान्वयन
- स्वच्छ उत्पादनको पहिचान सहित दिगो कृषि प्रवर्धन गर्न मूल्यश्रृंखलाका साझेदारहरूसँग सम्बन्ध र सहकार्य
- पशु तथा बाली बीमाको प्रभावकारी कार्यान्वयन
- नेपाल सरकारद्वारा सञ्चालित कृषिसँग सम्बन्धित आयोजनाहरूमा सिमान्तकृत, महिला, भूमिहीन, सिमान्त र साना कृषकहरूको संलग्नता
- पर्यावरणीय कृषि  एवं जलवायु उत्थानशील खेती प्रणालीको प्रवर्धन
- भूमिहीन, सिमान्तकृत, महिला र साना कृषकहरूलाई लक्षित गरी सुलभ र सहज रुपमा कृषि बित्त परिचालन
- स्थानीय तहमा कृषिको बजेट वृद्धि र एक वडा एक प्राविधिकको व्यवस्था
- शीत भण्डार, प्रशोधन, कृषि उद्योग स्थापना तथा सञ्चालनमा साना किसानको पहुँच
- स्थानीय कृषि बजार व्यवस्थापन/सरकारी खरीद बजार
- कृषि उपजको निकासी सहज रुपमा अन्तर्राष्ट्रिय बजारमा प्रवेश
- कृषि मूल्य श्रृंखलामा उत्पादक किसानको प्रत्यक्ष संलग्नता
- खरीद बिक्रीको सुनिश्चितता सहितको उत्पादन योजना
- कृषि कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि महासंघ समेतको सहभागितामा स्थानीय तहदेखी संघीय तहसम्म अनुगमन समिति र कार्यक्रम अनुगमन गर्ने व्यवस्था
- समूह परिचालन तथा संस्थागत विकास
- महासंघको तहगत संरचनाको संस्थागत एवं नेतृत्व क्षमता विकास
- संरचनागत तहमा नीति विश्लेषण, अडान तयारी एवं पैरवी गर्ने ज्ञान सीप विकास
- सरोकारवालाहरू तथा सेवा प्रदायकहरूसँग समन्वय, सहकार्य र साझेदारिता

## ख. महासंघको तेस्रो राष्ट्रिय महाधिवेशनको काठमाडौ घोषणापत्र

तेस्रो राष्ट्रिय महाधिवेशन (५ र ६ फाल्गुण २०८०) बाट अनुमोदित बुँदाहरूलाई समाबेश गरी प्रतिबद्धता सहित काठमाण्डौ घोषणा पत्र जारी गरिएको छ ।

१. कृषक समूहरूलाई निकायको रुपमा कर ऐनमा व्यवस्था गरी वार्षिक रुपमा मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनुपर्ने बाध्यकारी व्यवस्थाका कारण कृषक समूहहरू राज्यको सेवा सुविधाबाट बंचित बन्न पुगेकाले यस व्यवस्था अविलम्ब खारेजि गरी सामाजिक लेखापरिक्षणको आधारमा स्थायी लेखापरिक्षण उपलब्ध गराउनको लागि जोडदार माग गर्दछौं ।

२. खाद्य अधिकार तथा खाद्य संप्रभुता नियमावली अविलम्ब निर्माण र स्थानीयकरण गर्दै कार्यान्वयन गर्नको लागि जोडदार माग गर्दछौं ।

३. एकिकृत कृषि विकास ऐन निर्माणको लागि महासंघले प्रदेश र संघिय तहमा गर्दै आएको पैरवीलाई निरन्तर रुपमा अगाडी बढाईनेछ । अविलम्ब कृषि ऐन जारी गर्नको लागि दवावमुलक पैरवी गरिनेछ ।

४. साना किसानलाई केन्द्रमा राख्दै कृषि समाजवाद, किसानको सम्मानको लागि महासंघको विधान बमोजिम तहगत संरचनाहरूलाई गतिशिलता प्रदान गर्दै अधिकार प्राप्तिको अभियानमा किसान एकतालाई अझ शसक्त रुपमा अगाडी बढाउदै **स्थान र भूगोल विशेषका कृषि र किसानका सवाललाई महासंघको** तहगत संरचना परिचालन गरि पैरवी गरिनेछ ।

५. कृषि क्षेत्रको बेतिथिको अन्त्य र किसान प्रति जवाफदेहि राज्यको लागि सवालको प्राथमिकिकरण साथै साझा धारणा विकास गरी संयुक्त किसान अभियानको लागि कृषि र किसानको अधिकारमा कार्यरत संघ संगठन, संस्था साथै राजनीतिक दलका भात्री संगठनहरू समेतको सहभागितामा संयुक्त किसान आन्दोलनलाई अगाडि बढाईनेछ ।

६. स्थापना कालदेखि नै महासंघले पैरवी गर्दै आएको किसान पहिचान, वर्गीकरण, परिचयपत्र त्यसको आधारमा सामाजिक सुरक्षाको सुनिश्चितताको थिति र विधि विकासका केही सकारात्मक नीतिगत उपलब्धि र स्थानीय तहमाबाट शुरु भएको व्यवहारीक कार्यान्वयनको लागि तहगत संरचना मार्फत थप पैरवी गरिनेछ । साथै प्रकृयाका लागि तहगत सरकारलाई आवश्यक सहजिकरण गरिनेछ ।

७. संघिय संरचनाको मर्म र भावना अनुसार किसानले महशुस गर्ने गरी वडा तहसम्म कृषि र पशु प्राविधिक सेवा अविलम्ब व्यवस्था गराउनको लागि कृषि ज्ञान केन्द्र र बिज्ञ केन्द्र खारेजी र वडा तहसम्म कृषि प्रसार सेवा विस्तारका लागि सरकार समक्ष पैरवी गरिनेछ ।

८. भू उपयोग नीतिको प्रभावकारी कार्यन्वयन गरि खेती योग्य जमिनको संरक्षणको लागि कृषि कार्यका लागि जमिन राख्ने व्यक्तिलाई राज्यले उपलब्ध गराउने सामाजिक सुरक्षाको प्याकेजको घोषणा गरी पेशागत सुरक्षाको सुनिश्चितताको अगुवाई गरिनेछ ।

९. शताब्दियौ देखि संस्कृतीको रुपमा गरिदै आएको नेपाली कृषि र त्यसको संरक्षकको रुपमा रहेका किसानले प्रयोग गर्दै आएको पद्धति, (प्रविधि, रैथाने विउ) लाई जगेर्ना गर्दै जलवायु उत्थानशील खेती प्रर्वदन उद्यम उन्मुख खेतिको लागि नीतिगत पैरवी गरिने छ ।

१०. कृषि विमालाई सरल र सहज बनाउँदै किसानको उत्पादनको विमाको व्यवस्था ग्रामिण किसान तहसम्म पुऱ्याउनको लागि सम्बन्धित निकायहरूमा पैरवी गरिनेछ ।

११. जंगली जनावरबाट भइरहेको बालीको क्षतीपूर्तिको लागि महासंघले शुरु गरेको अभियानमा सम्मानित सर्बोच्च अदालतबाट किसानको पक्षमा भएको फैसला भए बमोजिमको कार्यविधि आएको छ । उक्त कार्यविधि पूर्ण कार्यन्वयनको लागि सरकारलाई दवाव दिईनेछ ।

१२. रैथाने उत्पादन, संरक्षण र प्रवर्दनको लागि स्थानीय बीउ, स्वस्थ माटो र जैविक उत्पादन प्रवर्द्धन एवं स्थानीय खाद्य प्रणालीको सवलीकरणका लागि पैरवी साथै सहकार्य गरिनेछ ।

१३. कृषिलाई औपचारिक क्षेत्रको रुपमा विकास गरि यसलाई नागरिकको खाद्य सुरक्षा एवं सामाजिक सुरक्षासँग जोडिनु पर्दछ । घरधुरी स्तरको खाद्यान्न उपभोग प्रणाली, सीमान्त, गरिब लगायत सम्पूर्ण समुदायको खाद्य सुरक्षा र स्वच्छताको सुनिश्चितताको लागि अगुवाई गरिनेछ ।

१४. कृषि र बनमा आधारीत उद्यम प्रबर्धन मार्फत हरित अर्थव्यवस्थामा रुपान्तरणको लागि जैविक र सांस्कृतिक विविधतालाई सम्बोधन गरिनु पर्दछ । नेपाली मौलिक उत्पादनलाई प्रभाव (विउ, विषादि) पार्ने व्यक्ति, संस्था र संगठनको प्रभुत्वलाई निरुत्साहितको लागि पैरवी गरिनेछ ।

१५. स्थानीय ज्ञान, सीपको प्रवर्द्धन, स्थानीय समुदायिक बीउ बैंक, खाद्य बैक, खाद्य भकारीको व्यवस्था साथै आपतकालीन अवस्थाको पूर्वतयारी एवं प्रतिकार्य संयन्त्र र स्थानीय स्तरमा अन्य प्राथमिक आवश्यकता प्रबन्ध गर्न स्थानीय सरकार र समुदायलाई सुदृढीकरण बनाउन सहकार्य गरिनेछ ।

१६. किसान अभियानलाई संस्थागत र दिगो रुपमा अगाडी बढाउन राष्ट्रिय तहको किसान घर निर्माण एवं कृषि सूचना केन्द्रको लागि पहल गरिनेछ ।

१७. महासंघको तहगत संरचनामा अभियन्ताहरूको व्यवस्था गरि क्षमता विकास गरिनेछ र तहगत संरचनामा सूचना प्रवाह गर्ने, सवाल पहिचान गर्ने र सवालको अगुवाई गर्ने कार्यमा परिचालन गरिनेछ । स्थानीय, प्रदेश र संघिय तहमा बन्ने कृषिसँग सम्बन्धित समितिहरूमा तहगत महासंघको संस्थागत प्रतिनिधित्वको लागि आवश्यक पैरवी गरिनेछ ।

१८. महासंघसँग उद्धेश्य मिल्ने, दृष्टिकोण मिल्ने सरकारी एवं गैरसरकारी संघ संस्था, नागरिक समाजहरूसँग साझा उद्धेश्य पुरा गर्नको लागि किसानहरूलाई हक अधिकार प्राप्ति एवं जीविकोपार्जनमा सकारात्मक परिवर्तन ल्याउन सञ्जालीकरण तथा सम्पर्क समन्वय एवं सहकार्य गरि अगाडी बढीने छ ।

१९. महासंघलाई सुशासित, जवाफदेहि र पारादर्शि बनाउनको लागि हालसम्म अपनाईएका प्रकृयाहरूलाई निरन्तरता दिँदै अन्य श्रृजनात्मक अभ्यासहरूको अबलम्बन गरिने छ ।

२०. सशक्त संगठन निर्माण तहगत संरचनाको क्षमता विकास गर्दै सुजबुझका साथ योजनाबद्ध अभियान अगाडि बढाईनेछ ।

**(धन्यवाद)**

# खण्ड ग

## अनुसूची १

राष्ट्रिय कृषक समुह महासंघ, नेपाल

**तेस्रो राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित कार्यसमिति नामावली**

महाधिवेशन मितिः २०८०-११-५ र ६ गते

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | पञ्चकाजी श्रेष्ठ | अध्यक्ष | खुल्ला | काठमाण्डौ | ९८५१२२२७७९ |
| २. | चित्रनाथ पौडेल | बरिष्ठ उपाध्यक्ष | गण्डकी प्रदेश | कास्की | ९८४६०४४०१३ |
| ३. | गणेश प्रसाद पोखरेल | उपाध्यक्ष | कोशी प्रदेश | पाँचथर | ९८५२६८१०६९ |
| ४. | बलिराम साह | उपाध्यक्ष | मधेश प्रदेश | रौतहट | ९८५५०२६४१२ |
| ५. | अनिता बस्नेत | उपाध्यक्ष | वागमति प्रदेश | भक्तपुर | ९८४१९५८७४५ |
| ६. | कुमारी चौधरी | उपाध्यक्ष | लुम्वीनी प्रदेश | दाङ | ९८४७५७७४८४ |
| ७. | नविन सिंह भडेल | उपाध्यक्ष | कर्णाली प्रदेश | सल्यान | ९८४७८४४४२१ |
| ८. | गिरीराज शर्मा | उपाध्यक्ष | सुदुर पश्चिम प्रदेश | कंचनपुर | ९८४८७२१५९९ |
| ९. | माहानन्द सापकोटा | महासचिव | खुल्ला | मकवानपुर | ९८४५१२३४१६ |
| १०. | गीता भुजेल | कोषाध्यक्ष | खुल्ला | दोलखा | ९८४४०६०१३१ |
| ११. | लक्ष्मी भण्डारी | सचिव | खुल्ला | भक्तपुर | ९८४१५९४००९ |
| १२. | रमा ढुंगाना | सदस्य | खुल्ला महिला | चितवन | ९८४५४१९८३७ |
| १३. | उषा खत्री | सदस्य | खुल्ला महिला | बाँके | ९८४८५०५३३४ |
| १४. | नारद निरौला | सदस्य | खुल्ला पुरुष | उदयपुर | ९८६७५५८८४० |
| १५. | गणेश सापकोटा | सदस्य | खुल्ला पुरुष | लमजुङ्ग | ९८४६१६४४८६ |
| १६. | गणेश बहादुर विष्ट | सदस्य | खुल्ला पुरुष | डोटी | ९८५८४४०४१४ |
| १७. | राधा निरौला | सदस्य | कोशी प्रदेश महिला | ओखलढुंङ्गा | ९८६८६८५५११ |
| १८. | विष्णु प्रसाद दुलाल | सदस्य | कोशी प्रदेश पुरुष | ईलाम | ९८४०९९७१३९ |
| १९. | सुजिता देवी | सदस्य | मधेश प्रदेश महिला | महोत्तरी | ९८६२१९४८०७ |
| २०. | रमेश कुमार साह | सदस्य | मधेश प्रदेश पुरुष | पर्सा | ९७४९९४१२२२ |
| २१. | मीरा साह | सदस्य | वागमति प्रदेश | ललितपुर | ९८४९२०१९०४ |
| २२. | राम प्रसाद गौतम | सदस्य | वागमति प्रदेश पुरुष | सिन्धुपाल्चोक | ९८५११५९६३० |
| २३. | ज्ञानु भण्डारी | सदस्य | गण्डकी प्रदेश महिला | कास्की | ९८४४९१४५६३ |
| २४. | ध्रुव प्रसाद खनाल | सदस्य | गण्डकी प्रदेश पुरुष | गोरखा | ९८५५०८१०६८ |
| २५. | शान्ता न्यौपाने | सदस्य | लुम्वीनी प्रदेश महिला | नवलपरासी | ९८६७२८७७८२ |
| २६. | कुमार साही | सदस्य | लुम्वीनी प्रदेश पुरुष | वर्दिया | ९८६८६४१४३२ |
| २७. | रेवन्ती बोहरा | सदस्य | सुदुरपश्चिम प्रदेश महिला | अछाम | ९८४८६२१०२४ |
| २८. | पुर्णसिं साउद | सदस्य | सुदुरपश्चिम प्रदेश पुरुष | कंचनपुर | ९८५८७५२६३० |

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | लिलावती ढकाल | सदस्य | कर्णाली प्रदेश महिला | सुर्खेत | ९८४८०४३९१६ |
| ३०. | मोतीराम अधिकारी | सदस्य | कर्णाली प्रदेश पुरुष | दैलेख | ९८४४८१५६८० |
| ३१. | सृजना वि.क. | सदस्य | दलित महिला | सुर्खेत | ९८४५५७१९९२ |
| ३२. | रामकृष्ण नेपाली | सदस्य | दलित पुरुष | रामेछाप | ९७०६२२५२११ |
| ३३. | लुना थापा | सदस्य | आदिवासी जनजाती महिला | गोरखा | ९८४५०९६६६६ |
| ३४. | पार्वती सारु मगर | सदस्य | आदिवासी जनजाती महिला | अर्घाखाँची | ९८४७१८२४२५ |
| ३५. | लक्ष्मी कुमारी चौधरी | सदस्य | आदिवासी जनजाती महिला | रौतहट | ९८१२०४९७१९ |
| ३६. | कमल बहादुर गुरुङ्ग | सदस्य | आदिवासी जनजाती पुरुष | धादिङ्ग | ९८५१३३१६१४ |
| ३७. | रवीन्द्रलाल माझी | सदस्य | आदिवासी जनजाती पुरुष | सिन्धुली | ९८०३२६७४९६ |
| ३८. | कबितादेवी महतो | सदस्य | मधेश महिला | सिरहा | ९८०५९४६९१५ |
| ३९. | बबिता देवी | सदस्य | मधेश महिला | धनुषा | ९८१७६८३१३२ |
| ४०. | जोगानन्द प्र.कलवार | सदस्य | मधेश पुरुष | बारा | ९८०७२१४४५५ |
| ४१. | विमलादेवी चौधरी | सदस्य | थारु महिला | कंचनपुर | ९८६०७५१३४४ |
| ४२. | रसीद खान | सदस्य | मुस्लीम | बाँके | ९८४८१७०६८१ |
| ४३ | सुमित्रा देवी चौधरी | सदस्य | मनोनित | सप्तरी | ९८४१५३५०३७ |
| ४४ | सीता कुमारी कुँवर | सदस्य | मनोनित | अछाम | ९८६५६९००४७ |
| ४५ | लक्ष्मी देवी वि.क. | सदस्य | मनोनित | नवलपरासी | ९८११४६०२३९ |

## लेखा समिति

| क.सं. | नाम | पद | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | सुरेन्द्र गिरी | संयोजक | काठमाण्डौ | ९८५१०५७४७८ |
| २. | दुर्गा प्रसाद भुर्तेल | सदस्य | नवलपुर | ९८४७२३८५९१ |
| ३. | शान्ता घिमिरे | सदस्य (मनोनित) | दाङ | ९८४७८८३२५० |

## प्रदेश समिति नामावली

| कोशी प्रदेश | | | | |
|---|---|---|---|---|
| क.सं. | नाम | पद | सम्पर्क नं. | जिल्ला/ठेगाना |
| १. | कुसुम दाहाल | अध्यक्ष | ९८४४६६६२६९ | इलाम |
| मधेश प्रदेश | | | | |
| क.सं. | नाम | पद | सम्पर्क नं. | जिल्ला/ठेगाना |
| १. | दिपक कुमार ठाकुर | अध्यक्ष | ९८५४०२१९६१ | धनुषा |
| वागमती प्रदेश | | | | |
| क.सं. | नाम | पद | सम्पर्क नं. | जिल्ला/ठेगाना |
| १. | विजय लामा | अध्यक्ष | ९८५१०४४०८३ | भक्तपुर |

| गण्डकी प्रदेश | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम | पद | सम्पर्क नं. | जिल्ला/ठेगाना |
| १. | गिरी प्रसाद पौडेल | अध्यक्ष | ९८५६०७७४१६ | कास्की |
| **लुम्बीनी प्रदेश** | | | | |
| क्र.सं. | नाम | पद | सम्पर्क नं. | जिल्ला/ठेगाना |
| १. | सर्वजित विष्ट | अध्यक्ष | ९८५८०२८१३८ | बाँके |
| **कर्णाली प्रदेश** | | | | |
| क्र.सं. | नाम | पद | सम्पर्क नं. | जिल्ला/ठेगाना |
| १. | सन्त बहादुर के.सी. | अध्यक्ष | ९८४८२१८५४१ | सुर्खेत |
| **सुदुरपश्चिम प्रदेश** | | | | |
| क्र.सं. | नाम | पद | सम्पर्क नं. | जिल्ला/ठेगाना |
| १. | प्रकाश थापा | अध्यक्ष | ९८५८४२७१८२ | कैलाली |

## अनुसूची २

"माटो बचाउँ, खेतिपाति सपारौँ र किसानलाई उत्थानशील बनाऔँ"

# दिगो र पर्यावरण मैत्री खेतीपाती राष्ट्रिय संवाद

संकल्प

दिगो र पर्यावरणमैत्री खेतीपातीको लागि स्पष्ट सरकारी नीति र कार्यान्वयनको ढाँचा सहितको कार्यान्वयन योजना आवश्यक देखियो । यसको लागि सिकाईको एकाकार गर्दै संयुक्त पहलकदमी आवश्यक छ । नीति निर्माता, सरकारी पक्ष एवं जिम्मेवार भुमिकाका व्यक्तिहरू जो समग्र रुपान्तरण प्रकृयाको जवाफदेही भुमिकामा हुनुहुन्छ उहाँहरूको जवाफ खोज्ने र रुपान्तरण पहलकदमीको बाध्य बनाउन साथै पर्यावरणीय कृषिको अभियानलाई अगाडी बढाउन सिकाइको साझा थलोको रुपमा विकास गर्दै संयुक्त पहलकदमीका लागि हामी सबै निम्न संकल्प गर्दछौं ।

१) किसानी खेतीपातीको मानव स्वास्थ्य एवं पारिस्थितीक प्रणालीमा रहेको योगदान र यसलाई थप प्रवर्द्धन गर्न राज्य र अन्य सरोकारवालाले दिने योगदान निक्यौल गर्ने आवश्यकता देखियो ।

२) खासगरी जलवायुको प्रतिकुल अवस्थामा उत्पादन सजिलै हुने सामुदयिक विउ प्रणाली, बाली र वस्तु भाडा प्रजातीहरूको संरक्षण प्रवर्द्धन र स्तरोन्नती आवश्यक छ ।

३) स्वच्छ उत्पादनलाई पहिचान सहीत उद्यममा रुपान्तरण गर्न सरलीकृत बजारीकरण आवश्यक छ ।

४) स्थानीय तहमा उपलब्ध श्रोत साधन उपयोग साथै सम्प्रभुता सहितको उत्पादनमा आधारित खाद्य सुरक्षा प्रवर्द्धन गर्दै आयतीत कृषि सामाग्री प्रतिको परनिर्भरता हटाउनु आवश्यक छ ।

५) सरकारलाई बाध्यकारी बनाउन तहगत रुपमा संरचनाहरू रहेको दिगो र पर्यावरण मैत्री खेतीपातीको प्रवर्द्धन गर्न उद्देश्य मिल्ने संस्थाहरूको ऐक्यवद्धता सहित अन्दोलन/अभियान जरुरी छ ।

# National Farmers Group Federation Nepal

World Social Forum 2024 Nepal, Kathmandu
"Another World is Possible"
Peasants Forum 2024
16th February 2024

We, the participants of the World Social Forum assembled in Kathmandu from February 15 to 19, 2024, representing diverse voices and perspectives from around the globe, solemnly declare our unwavering commitment to advancing the empowerment of Nepali peasants. Acknowledging the pivotal role of Nepali peasants in the sustainable development of our nation, we recognize their genuine and critical status within our society. In light of this recognition, we pledge our unwavering solidarity and steadfast support to the journey of Nepali peasants towards prosperity and stability.

Furthermore, we express our profound gratitude and appreciation for the invaluable contributions of International and Non-Governmental Organizations (I/NGOs) as well as local NGOs. Their tireless efforts on the ground are instrumental in addressing the pressing social, economic, and environmental challenges faced by peasants. These organizations serve as beacons of hope, actively promoting farmers' rights, fostering community resilience, championing human rights, and driving sustainable development initiatives forward.

Therefore, with deep conviction and resolve, we hereby declare:

1. To break the corporate concentration in agriculture:
   We will work together to break the corporate concentration in agriculture means to address and mitigate the dominance and controlled by large corporations over the agricultural sector. This concentration often results in detrimental effects on small-scale farmers, local communities, biodiversity, and the environment as a whole.

2. For the access of Nepalese Peasants on natural resources (such as land, water, forests): We will work to ensure Nepalese peasants' access to natural resources like land, water, and forests, policies should prioritize equitable distribution and sustainable management, empowering local communities for long-term resilience and prosperity.

3. For social security and dignified life of Nepalese Peasants':
   We will be together for the guarantee the social security and dignified livelihoods of Nepalese peasants, comprehensive policies should be enacted, ensuring minimum wages, access to healthcare, education, and social safety nets, safeguarding their well-being and contributions to society.

4. To promote the Sustainable food system promoting local and Indigenous practices:
   We will fight together in promoting a sustainable food system entail prioritizing local and Indigenous agricultural practices, local seed system strengthening and preservation, fostering biodiversity, and reducing reliance on industrialized methods, thereby ensuring resilience, cultural preservation, and equitable food access for all. We will also work together to establish national/ international level marketing of Peasants production.

5. To promote the sustainable agriculture and food systems promoting local and Indigenous practices:
   We will be together to advance sustainable agriculture and food systems, it's imperative to elevate local and Indigenous practices, incorporating traditional wisdom and community-centric approaches, fostering resilience, biodiversity, and equitable development for future generations. We will fight together to reduce climatic impacts to the Peasants whole livelihood.

6. To move ahead on localization issues and systemic change with the citizen participation:
   Moving forward on localization issues and systemic change necessitates active citizen participation, fostering inclusive governance structures that empower communities to shape policies, promote grassroots initiatives, and drive sustainable development agendas towards locally rooted solutions. We will work together to formalize the agriculture from informal sector with full of strengthening support.

7. To campaigning National and International Declarations related to Peasants rights:
   Campaigning for both national and international declarations on peasants' rights involves advocating for equitable agricultural policies and protections, ensuring fair access to land, resources, and dignified livelihoods for rural farming communities worldwide.

(Thank You)




कृषि जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय प्रदर्शनीमा महसंको स्थानीय कृषि उपज प्रदर्शनी एवं सम्मेलनमा सहभागिता



राष्ट्रिय कृषक समूह महासंघ, नेपाल सल्लाहकार समितिको बैठक



नागरिक समाजको तर्फबाट संयुक्त रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय ज्वाला कुमारी साह समक्ष ध्यानाकर्षण पत्र बुझाउँदै



राष्ट्रिय महिला किसान सम्मेलन काठमाडौं



अन्तर्राष्ट्रिय कोदो बहस २०८०




कृषि सामग्री खरिदको लागि डिजिटलाईज (किसान कार्ड)
प्रविधितर्फ उन्मुख हुदै महिला किसान

**राष्ट्रिय कृषक समूह महासंघ, नेपाल**
**राष्ट्रिय सचिवालय**

पो.ब. नं. : ७०६४
इमेल : nfgfnepal@gmail.com
वेबसाइट : nfgf.org.np
सम्पर्क नं. : ०१-४१०५०१८, ०१-४१०५०७९